Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक

◆ वर्ष १६ ◆ अङ्क ४६४९ ◆ २०८२ असार २० गते शुक्रबार ◆ ने.सं. ११४५ ◆ पृष्ठ ८ ◆ Friday, July 04, 2025 ◆ मूल्य रु. ५/- ◆ Web: www.aarthikdainik.com




# ऊर्जा उत्पादनमा मात्रै निजी क्षेत्रको ६३ खर्ब लगानी पुग्दै

■ आर्थिक संवाददाता
काठमाडौं, असार १९

नेपालको ऊर्जा उत्पादनमा १३ खर्ब रूपैयाँ लगानी गरिसकेको निजी क्षेत्रले अब चाँडै थप ५० खर्ब रूपैयाँ लगानी गर्न लागेको छ । लगानीको वातावरणमा कुनै अवरोध नआएमा केही वर्षभित्रै ऊर्जामा निजी क्षेत्रको कुल लगानी ६३ खर्ब रूपैयाँ पुग्ने स्वतन्त्र उर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले जनाएको छ ।

यति धेरै रकम लगानी गरेको निजी क्षेत्रको नेपालको कुल ऊर्जा उत्पादनमा ८० प्रतिशतभन्दा बढी योगदान पुगिसकेको छ । बहुदलीय प्रजातन्त्रपछि ऊर्जामा निजी क्षेत्रलाई खुला गरेसँगै नेपाल सरकारले अघि सारेको लगानीमैत्री नीतिकै कारण कुल ऊर्जा उत्पादन क्षमता ३६ सय दुई मेगावाट पुग्दा निजी क्षेत्रबाट उत्पादित विद्युत् २९ सय मेगावाट पुगेको छ ।

ऊर्जा उत्पादनमा निजी क्षेत्रको प्रवेश भएको २५ वर्षमै यति धेरै लगानी भएको हो । निजी क्षेत्रकै अगुवाइमा ४२ सय मेगावाट क्षमताका आयोजनाहरु निर्माणाधीन अवस्थामा रहेको र ४१ सय मेगावाट क्षमताका आयोजनाहरु विद्युत् खरिद सम्झौता (पीपीए) सम्पन्न गरेर वित्तीय व्यवस्थापनको पर्खाइमा रहेको इपानले जनाएको छ ।




सरकारले आगामी १० वर्षभित्र थप २५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने ऊर्जा विकास मार्गचित्र-२०८१ अघि सारेको छ । यो मार्गचित्र सफल पार्न निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहने छ । इप्पानले आउँदो असोजमा ऊर्जा क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको कार्यक्रमको रूपमा परिचित पावर समिट, २०२५ आयोजना गर्ने घोषणा समेत गरेको छ ।

इप्पानको विशेष कार्यक्रमको रूपमा सु-परिचित यो पावर समिट २०८२ सालको असोज १ र २ गते अर्थात् १७-१८ सेप्टेम्बर, २०२५ मा काठमाडौंमा हुन लागेको जानकारी इप्पानले बिहीबार पत्रकार सम्मेलन गरी दिएको छ ।

नेपालको ऊर्जा उत्पादनको एक सय १४ वर्षको इतिहासमा ३६ सय मेगावाट मात्र उत्पादन क्षमता पुगेको सन्दर्भमा सन २०३५ भित्र २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन पुर्‍याउने सरकारको लक्ष्य छ ।

सरकारको उक्त लक्ष्य पूरा गर्न इप्पानजस्तो निजी क्षेत्रको सशक्त संस्था अगाडि आएको हो । इप्पानका अनुसार नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको संरक्षकत्व र नेपालस्थित भारतीय दूतावास देशीय साझेदारीका साथै विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्था, निकाय र कम्पनीहरूको सहभागितामा बृहतरूपमा यो समिट आयोजना गर्न लागिएको हो ।

नेपालका प्रधानमन्त्री एवं विभिन्न देशका विशिष्ठ व्यक्तित्वहरु, विज्ञलगायतको सहभागितामा हुन लागेको यो पावर समिट सन् २००६, २००७, २००८, २०१२, २०१३, २०१६, २०१९ र २०२३ पछिको नवौं संस्करण हो । ऊर्जा विकास मार्ग चित्र, २०८१ को सफल कार्यान्वयनमा सहयोग पुर्‍याउन र नेपालको बढ्दो उत्पादनलाई क्षेत्रीय बजारमा व्यापार गर्न/गराउन ३० भन्दा धेरै देशका लगानीकर्ताहरु, कूटनीतिक तथा विकास साझेदार नियोगका अधिकारीहरु, सरकारी तथा गैरसरकारी निकाय, विश्वविद्यालय, मित्रराष्ट्रहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परामर्शदाता कम्पनी, निर्माण व्यवसायी कम्पनी, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनीलगायतका सबै सरोकारवाला निकायका प्रतिनिधि, प्रबुद्ध व्यक्तित्व, विज्ञ, विशेषज्ञलगायतलाई एउटै छानामुनि भेला गराएर ऊर्जा समृद्धिका विभिन्न आयामहरूका बारेमा नीतिगत बहस गर्ने मुख्य उद्देश्य समिटले राखेको छ ।

यस वर्षको सम्मेलनले सम्बन्धित क्षेत्रका विशेषज्ञ तथा सरोकारवालाहरूलाई एकै ठाउँमा भेला गरी नीतिगत बहस, हासिल भएका सफलता तथा उपलब्धि र अनुभवहरूको आदानप्रदान गर्ने जमर्को गर्नेछ । यस सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरु, सरकारी

➤ बाँकी पृष्ठ २ मा

# एमसीसी परियोजनाको प्रगति सुस्त, खर्च तीव्र समयमै सम्पन्न नहुने खतरा

■ प्रवीन राउत
काठमाडौं, असार १९

नेपालको तर्फबाट अर्थ मन्त्रालय र संयुक्त राज्य अमेरिकाको तर्फबाट मिलेनियम च्यालेन्ज कर्पोरेसनबीच सम्पन्न भएको मिलेनियम च्यालेन्ज 'कम्प्याक्ट' सम्झौता (एमसीसी) को कार्यान्वयनलाई निरन्तरता दिने अमेरिकी सरकारको प्रतिबद्धतालाई नेपाली पक्षले सकारात्मकरूपमा लिएको छ । अमेरिकामा डोनाल्ड ट्रम्पले राष्ट्रपतिको जिम्मेवारी सम्हालेपछि उनले लिएको वैदेशिक सहायता कटौती नीतिका कारण विश्वभर सहायता लिने देशहरूमा अन्यौलता छाएको अवस्थामा नेपालमा सञ्चालन भइरहको अमेरिकी सहायता परियोजना एमसीसी नेपाल कम्प्याक्टले निरन्तरता पाउने भएको हो । अमेरिकाले वैदेशिक सहायता कटौतीको विश्वव्यापी प्रवृतिप्रति स्पष्ट नीति आइसकेको भए पनि नेपालका लागि सहयोग निरन्तर राख्ने निर्णय आएको हो ।

मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसीए-नेपाल) ले अमेरिकी वैदेशिक सहयोगमा लगाइएको स्थगनका सन्दर्भमा विशेष छुटअन्तर्गत एमसीसी नेपाल कम्प्याक्टको कार्यान्वयनलाई




निरन्तरता दिनका लागि अनुमति दिनेसम्बन्धमा अमेरिकी सरकारबाट भएको निर्णयको स्वागत गरेको बताएको छ ।

एमसीए-नेपालले दुई सय ९७ किमी विद्युत् प्रसारण लाइन निर्माण तथा सडक मर्मतलगायतका कार्यसम्बन्धी खरिद प्रक्रिया सम्पन्न गर्नेसहितका कम्प्याक्ट क्रियाकलाप कार्यान्वयन गर्न मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी)सँग निकटतापूर्वक काम गरिरहेको दाबी गरेको छ । एमसीए-नेपालले वैदेशिक सहयोगसम्बन्धी समीक्षा थालनी हुनुपूर्व नै अगाडि बढिसकेको तीन वटा सबस्टेसन एवं १८ किमी सीमापार प्रसारण लाइन निर्माणसम्बन्धी कार्यलाई निरन्तरता दिइरहेको बताएको छ ।

नेपालको ऊर्जा र यातायात क्षेत्रको विकासमा महत्वपूर्ण प्रभाव पार्ने यी पूर्वाधार आयोजनाहरु सम्पन्न गर्न प्रतिबद्ध रहेको बताउँदै एमसीए-नेपालले यस कम्प्याक्ट कार्यान्वयनका लागि एमसीसीको निरन्तर साझेदारी रहने जानकारी दिएको छ । एमसीए नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्ट, उप-कार्यकारी निर्देशक व्यवस्थापनतर्फ शालिनी त्रिपाठी र उप-कार्यकारी निर्देशक आयोजना कार्यान्वयमा महेश आचार्य छन् ।

एमसीए नेपालले निरन्तरता पाउने देखिए पनि नेपाल सरकारको एक प्रतिवेदनले भने आयोजना कार्यान्वयनको क्रममा थुप्रै कैफियतहरु औंल्याएको छ । जस्तै, लागत अनुमानभन्दा ३१ प्रतिशत बढीको बोलपत्र स्वीकृत, खरिद सम्झौतामा समस्या, प्रगतिविनाको भुक्तानी, विदेशी परामर्शदाता नियुक्त गरी खर्चमा अनावश्यक वृद्धि, प्रशासनिक खर्चमा मितव्ययिताको अभावलगायत औंल्याएको छ ।

**भेरिएसन आदेश**

एमसीसी खरिद निर्देशिकाको बुँदा नं ७.१० मा सम्झौताको अवस्थामा उल्लेखनीयरूपमा परिवर्तन आएमा सम्झौतामा संशोधन, थप वा हटाउन सक्ने तर ठेक्का वा अवार्ड प्रक्रियामा प्रभाव पार्ने कार्यको हकमा नयाँ ठेक्का आह्वान गर्नुपर्ने व्यवस्था रहेकोमा प्रसारण र सबस्टेसन लाइनको सुपरीवेक्षणको परामर्शका लागि एक परामर्शदातासँग १४ सेप्टेम्बर, २०२३ मा अमेरिकी डलर ८४ लाख ३४ हजारमा सम्झौता भएकोमा ८ जनवरी २०२४मा सुपरीवेक्षणसँग सम्बन्धित प्रसारण लाइनको परिमार्जित डिजाइन तथा लागत अनुमान संशोधन गर्ने कार्यका लागि अमेरिकी डलर १६ लाख ७९ हजार थप गरी सम्झौता रकम अमेरिकी डलर एक करोड एक लाख १३ हजार पुर्‍याएको छ । सुपरीवेक्षणको कार्यसर्तमा रहेको आयोजनाको ठेक्का वार्ताको समयमा सहयोग गर्नुपर्ने वा सो कार्य कार्यदेशमा नै समावेश भएको अवस्थामा सुपरीवेक्षणसँग सम्बन्धित प्रसारणलाइनको परिमार्जित डिजाइन तथा लागत अनुमान संशोधन गर्ने नयाँ कार्य सुपरीवेक्षणको परामर्शदातालाई भेरिएसन आदेश जारी गरेको छ ।

घरभाडाः- एमसीए नेपालले घरभाडाको लागि २२ डिसेम्बर, २०१७ मा सम्झौता गरेकोमा हालसम्म घरभाडा १७ करोड २४ लाख ३१ हजार खर्च गरेको छ । थप क्षेत्रफल आवश्यक पर्ने कारण देखाई उक्त सम्झौतालाई २० अप्रिल २०१८ मा संशोधन गरी १४ हजार पाँच सय ८९ वर्गफिट पुर्‍याएको छ । सोबापत प्रत्येक वर्षमा पाँच प्रतिशत वृद्धि हुनेगरी प्रतिवर्ग फिट एक सय ३८ रूपैयाँका दरले घरभाडा भुक्तानी गर्नेगरी सम्झौता गरेको छ । यसरी समितिले मासिक २५ लाख ७० हजार रूपैयाँ घरभाडा गरी वार्षिक तीन करोड आठ लाख ३६ हजार भुक्तानी हुने गरी सोझै खरिद गरेको छ । यसले प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्न नसकेको देखाउँछ ।

➤ बाँकी पृष्ठ २ मा

## स्वदेश फर्किएर विकास र समृद्धिमा सघाउन प्रवासी नेपालीलाई प्रधानमन्त्रीको आग्रह

स्पेन, असार १९ । प्रधानमन्त्री केपी शर्मा ओलीले विदेशमा सिकेको ज्ञान, अनुभव र पुँजीलाई स्वदेश फर्किएर विकास र समृद्धितर्फ प्रयोग गर्न स्पेनमा रहेका प्रवासी नेपालीहरूलाई आग्रह गरेका छन् । स्पेनस्थित प्रवासी नेपाली मञ्चका पदाधिकारी र प्रतिनिधिसँगको अन्तरक्रियामा प्रधानमन्त्री ओलीले यस्तो आग्रह गरेका हुन् ।

स्पेनको सेभियामा संयुक्त राष्ट्र संघको विकासका लागि वित्त सम्मेलनसँग सम्बन्धित कार्यक्रम सकिएपछि प्रधानमन्त्री ओलीले प्रवासी नेपालीहरूसँग भेटघाट गरेका हुन् ।

स्पेनका लागि नेपाली राजदूतको निवासमा भएको भेटमा एमाले निकट मञ्चका पदाधिकारीहरूले प्रधानमन्त्री

➤ बाँकी पृष्ठ २ मा

इ-पेपर हेर्नको लागि

## अदालतको आदेशविरुद्ध विरोध कार्यक्रम आह्वान गर्ने महासचिव डा. तिवारीलाई अवहेलना मुद्दा

■ आर्थिक संवाददाता
काठमाडौं, असार १९

उच्च अदालत पाटनको फैसलाको विरुद्ध चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई विरोध कार्यक्रम गर्न आह्वान गर्ने नेपाल मेडिकल एसोसिएसनका महासचिव डा. सञ्जीव तिवारीलाई अदालतको अवहेलनासम्बन्धी विवादमा सात दिनभित्र लिखित जवाफसहित उपस्थित हुन आदेश दिएको छ ।

न्यायाधीशहरु श्यामकुमार भट्टराई र हेमन्त रावलको इजलासले अवहेलनाजन्य क्रियाकलाप गरेकोमा उजुरी परेको भन्दै अवहेलना नगरेको भए जवाफसहित उपस्थित हुनु भनेको हो ।

उपभोक्ता अदालतले गरेको फैसलामाथि टिप्पणी गर्ने र विरोधमा कालोपट्टी बाँधेको समाचार आर्थिक दैनिकले बुधबार प्रकाशित गरेको थियो । उपभोक्ता अदालतले अस्पताल र चिकित्सकसम्बन्धी केही मुद्दामा क्षतिपूर्तिको फैसला गरेपछि मेडिकल एसोसिएसनका महासचिव तिवारीले विज्ञप्ति जारी गरेर विरोधमा कालोपट्टी बाँध्न डाक्टरहरूलाई आह्वान गरेका थिए । उनले नेपाल मेडिकल काउन्सिलको क्षेत्राधिकारमा अदालत प्रवेश गरेको भन्दै विरोध गरेका थिए ।

अदालतको फैसलालाई चुनौती दिँदै नेपाल मेडिकल एसोसियसनले विज्ञप्ति जारी गरेर विरोधका कार्यक्रमको विषयमा आर्थिक दैनिकमा प्रकाशन भएको समाचारको आधारमा रहेर अधिवक्ता जय पौडेल र सुविन पाण्डेले मेडिकल एसोसिएसनका महासचिव डा. तिवारीलाई विपक्षी बनाएर उच्च अदालतमा अवहेलना निवेदन दिएका थिए ।

सो निवेदमा उच्च अदालतले सुनुवाइ गर्दै नेपाल मेडिकल एसोसिएसनका महासचिव डा. तिवारीलाई सात दिनभित्र आफैं उपस्थित भएर लिखित जवाफ पेश गर्न भनेको हो । मातहतको अदालतको अवहेलना भएको विषयमा कारबाही हुनुपर्ने भनी उपभोक्ता हित संरक्षण मञ्च र कानुन व्यवसायीहरूले उच्च अदालत पाटनमा निवेदन दिएका थिए ।

## बढ्यो लघुबीमा कम्पनीहरूको व्यापार

■ सुरेश राउत
काठमाडौं, असार १९

लघुबीमा कम्पनीहरूको व्यापार बढेको छ । चालू आर्थिक वर्षको ११ महिना (साउन-जेठ)सम्म तीनवटा लघु जीवन बीमा कम्पनी र चार वटा लघुनिर्जीवन बीमा कम्पनीले एक अर्ब ९४ करोड ७८ लाख ४३ हजार रूपैयाँ बराबर बीमाशुल्क संकलन गरेका छन् । सात वटै लघुबीमा कम्पनीले कुल २० लाख एक हजार पाँच सय ४० वटा बीमालेख जारी गरी सो बीमाशुल्क संकलन गरेका हुन् ।

नेपाल बीमा प्राधिकरणका अनुसार लघु जीवन बीमा कम्पनीहरूले मात्रै एक अर्ब नौ करोड ८२ लाख ५४ हजार रूपैयाँ बीमाशुल्क संकलन गरेका छन् । यी कम्पनीहरूले १६ लाख ६२ हजार तीन सय २६ वटा सक्रिय जीवन बीमालेखमार्फत सो बीमाशुल्क आर्जन गरेका हुन् ।

गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स कम्पनीले ११ लाख २० हजार छ सय ८५ वटा सक्रिय जीवन बीमालेखमार्फत ४१ करोड ३६ लाख ९३ हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेको छ । क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स कम्पनीले पनि तीन लाख ९४ हजार चार सय एक वटा सक्रिय जीवन बीमालेखमार्फत ३९ करोड ९४ लाख ९९ हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेको छ । यस्तै, लिवर्टी माइक्रो लाइफ इन्स्योरेन्स कम्पनीले पनि एक लाख ४७ हजार दुई सय ४० वटा सक्रिय बीमालेखमार्फत २८ करोड ५० लाख ६३ हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेको छ ।

लघु निर्जीवन बीमातर्फ भने सञ्चालनमा रहेका चार वटा कम्पनीहरूले जेठ मसान्तसम्म तीन लाख ३९ हजार दुई सय १४ वटा बीमालेखमार्फत ८४ करोड ९५ लाख ८९ हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेका छन् । जसमध्ये नेपाल माइक्रो इन्स्योरेन्स कम्पनीले ९२ हजार सात सय ६२ वटा बीमालेखमार्फत २३ करोड ७९ लाख ७७ हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेको छ । यस्तै, प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनीले ८७ हजार पाँच सय ९९ वटा बीमालेखमार्फत २१ करोड १० लाख ७९ हजार रूपैयाँ बीमाशुल्क संकलन गरेको छ ।

➤ बाँकी पृष्ठ २ मा

**लघु जीवन बीमा कम्पनीहरूको बीमालेख र बीमाशुल्क आर्जन**

| कम्पनीको नाम | बीमालेख संख्या | बीमाशुल्क (रु लाखमा) |
|---|---|---|
| गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स | ११२०६८५ | ४१३६.९३ |
| क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स | ३९४४०१ | ३९९४.९८ |
| लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स | १४७२४० | २८५०.६३ |
| कुल | १६६२३२६ | १०९८२.५४ |

**लघु निर्जीवन बीमा कम्पनीहरूको बीमालेख र बीमाशुल्क आर्जन**

| कम्पनीको नाम | बीमालेख संख्या | बीमाशुल्क (रु लाखमा) |
|---|---|---|
| नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी | ९२७६२ | २३७९.७७ |
| प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनी | ८७५९९ | २२१०.७९ |
| स्टार माइक्रो इन्स्योरेन्स कम्पनी | ९११८९ | २०१७.९१ |
| ट्रस्ट माइक्रो इन्स्योरेन्स कम्पनी | ६७६६४ | १८८७.६२ |
| कुल | ३३९२१४ | ८४९५.८९ |

## गभर्नर डा.पौडेलले उठाए बैंकको लाइसेन्स अवधिको प्रश्न

■ आर्थिक संवाददाता
काठमाडौं, असार १९

नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले बिहीबार बसेको संसद्को अर्थ समितिको बैठकमा बैंकहरूको लाइसेन्सको अवधिको कुरा उठाएपछि बैंकिङ क्षेत्र तरङ्गित बनेको छ ।



उनले 'धेरैजसो लाइसेन्सहरूको आयु हुन्छ तर बैंकहरूको एक अर्थमा लाइसेन्सको आयु छैन,' भन्दै बैंकहरूको लाइसेन्सका लागि पनि निश्चित अवधि तोकिनुपर्ने

➤ बाँकी पृष्ठ २ मा

सम्पूर्ण विज्ञापनदाता/एजेन्सीहरूमा
सार्वजनिक सूचना

यस आर्थिक दैनिक प्रालिद्वारा प्रकाशित आर्थिक राष्ट्रिय दैनिकमा कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई हार्दिक कृतज्ञता व्यक्त गर्दै आव २०८१/८२ को बक्यौता रकम २०८२ असार २५ गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नुहुन सादर अनुरोध गर्दछौं । साथै, उक्त समयमा मिलान नभएको हरहिसाब यसै संस्थाको हरहिसाबअनुसार अन्तिम हुने जानकारी गराउँदछौं । तपाई सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरूसँगको सम्बन्ध आगामी दिनमा अझै प्रगाढ र सुमधुर हुने कामना गर्दछौं ।

लेखा शाखा
आर्थिक दैनिक प्रा.लि.
कुपण्डोल, ललितपुर
सम्पर्क : ०१-५९०२१३६/३७
इमेल : acc.aarthik@gmail .com

## ऊर्जा...

संघसंस्थाका उच्च अधिकारीहरु, निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रका सरोकारवालाहरु गरी विगतका सम्मेलनको जस्तै एक हजारभन्दा बढीको सहभागिता रहने अनुमान गरिएको छ ।

विशेषगरी ऊर्जा मार्गचित्र कार्यान्वयनसँग जोडिएको नेपाल र दक्षिण एसियाली देशहरुको हरित र स्वच्छ ऊर्जा उपलब्धता, विद्युत् र कार्बन व्यापारसँगै नवीनतम वित्तीय उपकरणको विकास, ऊर्जा सुरक्षाको सुनिश्चितता, अन्तरदेशीय पूर्वाधारहरु निर्माणमार्फत क्षेत्रीय सम्पर्क विस्तार गर्ने अपेक्षा छ । त्यस्तै, नेपाल र दक्षिण एसियाली मुलुकहरुको नेट जिरो इमिसनको लक्ष्य हासिल, दिगो र समावेशी ऊर्जा विकासजस्ता क्षेत्रीय र अन्तर्राष्ट्रिय चासोलाई सम्बोधन गरी नेपाललाई हरित ऊर्जा विकासकर्ता मुलुकको रूपमा चिनाउने थलो समेत उक्त समिट बन्ने इप्पानले अपेक्षा गरेको छ ।

समिटमा हुने आन्तरिक तथा बाह्य पूर्वाधार निर्माण र खपत वृद्धि, जलवायु परिवर्तनको असर र न्यूनीकरणसँगै प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरणजस्ता चुनौतीहरुको सामनाका लागि नेपाल र अन्य देशहरुले बनाउनुपर्ने नीति निर्माणसँगै विश्वका विभिन्न देश र विकास साझेदारहरुको अनुभव र अभ्यासहरुको बारेमा समेत समिटमा छलफल हुनेछ ।

Find us on :
facebook/
aarthikdainik

## बढ्यो....

यसैगरी स्टार माइक्रो इन्स्योरेन्स कम्पनीले पनि ९१ हजार एक सय ८९ वटा बीमालेखमार्फत २० करोड १७ लाख ९१ हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेको छ । ट्रस्ट माइक्रो इन्स्योरेन्स कम्पनीले ६७ हजार छ सय ६४ वटा बीमालेखमार्फत १८ करोड ८७ लाख ६२ हजार रूपैयाँ बीमाशुल्क आर्जन गरेको छ ।

## गभर्नर....

धारणा राखेका छन् ।

अर्थ समितिको बैठकमा गभर्नर डा. पौडेलले 'हाइड्रो लाइसेन्स ३० वर्षमा प्रोजेक्ट फर्केर आउँछ । टेलिकमहरुको पनि त्यस्तै छ तर बैंकको हुँदैन ।' भन्दै बैंकहरुको लाइसेन्सका लागि पनि निश्चित अवधि तोकिनुपर्ने धारणा व्यक्त गरेका हुन् ।

गभर्नर पौडेलले केन्द्रीय बैंक सिंगो मुलुकको वित्तीय सुशासन कायम गर्न कठोर भएर लाग्नुपर्ने भन्दै बैंकहरुको लाइसेन्सका अवधिको बारेमा नयाँ विषय सिर्जना गरेका हुन् । हाइड्रोमा कुनै व्यक्ति, संस्था तथा सर्वसाधारणको लगानी भए पनि त्यसमा राज्यको नदिनालाको प्रयोग भएको हुन्छ, टेलिकमको लाइसेन्स नवीकरण हुन्छ, चन्द्रागिरी केवल कार, वर्ल्ड ट्रेड सेन्टरलगायतका कम्पनीको नाममा राज्यले दिएको लाइसेन्स २०-५० वर्षपछि सरकारको नाममा आउँछ । किनकि त्यहाँ राज्यको अचल सम्पत्ति उपयोग भएको हुन्छ ।

गभर्नर पौडेलले बैंक तथा वित्तीय संस्थालाई पनि अन्य सामान्य नाफामूलक कम्पनीसरह लाइसेन्सको अवधि तोक्नुपर्ने कुरा उठाउँदा यसले वित्तीय संरचनामा नै केही समस्या उत्पन्न गर्न सक्ने चिन्ता बढेको छ । तर यी सबै कुरालाई बिर्सिएर अन्य क्षेत्रलाई जस्तै बैंकिङ क्षेत्रलाई पनि सामान्य नाफामूलक क्षेत्रको रूपमा मान्ने गभर्नर शैलीले बैंकरहरूलाई झस्काएको छ ।

अर्थ समितिको बैठकमा गभर्नर पौडेलले लाइसेन्स अनन्तकालीन रहेको भन्दै भने, 'प्रतिष्पर्धा बढाउन बजार प्रवेशमा रहेका अवरोधहरु कम गर्नुपर्छ । यदि होइन भने लाइसेन्सको पनि निश्चित अवधि तोकिनुपर्छ ।' गभर्नर पौडेलले बैंकहरूबाट ऋण पाउनु जनताको अधिकार रहेको भन्दै यो मान्यतालाई स्थापित गर्नुपर्ने बताए । 'कसैसँग राम्रो परियोजना छ भने ऋण पाउनु उसको नैसर्गिक अधिकार हो,' गभर्नर डा. पौडेलले भने ।

## स्वदेश...

ओलीलाई स्पेनमा स्वागत र सम्मानसहित प्रधानमन्त्री ओलीको नेतृत्वमा नेपालमा भइरहेको विकास र समृद्धिको यात्राको सफलताको कामना गरेका हुन् ।

प्रधानमन्त्री ओलीले मुलुकमा स्थिरता र विकासका लागि दुई ठूला दलको सहकार्यमा वर्तमान सरकार बनेको स्पष्ट गर्दै आफूहरूबीच भएको समझदारीबमोजिम समय आउनु केही साताअघि नै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई सत्ता हस्तान्तरण गर्ने प्रतिबद्धता समेत व्यक्त गरेका छन् ।

विषम परिस्थितिमा पनि आफूहरूले मुलुकलाई राजनीतिक निकास र स्थायित्व दिँदै आएको विगतलाई स्मरण गर्दै आगामी दिनमा पनि सहज निकास दिइने प्रधानमन्त्री ओलीले बताए । अहिलेको गठबन्धन र आफ्नो पार्टीभित्र बाहिर चर्चामा आएजस्तो कुनै समस्या र विवाद नभएको पनि उनले स्पष्ट पारेका छन् ।

## एमसीसी...

**सुपरीवेक्षण परामर्शदाता**

समितिले विभिन्न प्रसारण लाइन तथा सबस्टेसन निर्माण कार्यको सुपरीवेक्षणका लागि परामर्शदाता नियुक्त गरेकोमा प्रसारण लाइनको खरिद प्रक्रियामा सहयोग गर्ने, ट्रान्समिसन लाइन र सबस्टेसनको निर्माण कार्यको सुपरीवेक्षण गर्ने र न्यू बुटवलदेखि नेपाल-भारत सीमासम्मका १८ किलोमिटर प्रसारण लाइनको सुपरीवेक्षण गर्ने कार्यसर्त राखी एक विदेशी परामर्शदातासँग १४ सेप्टेम्बर २०२३ मा अमेरिकी डलर ८४ लाख ३३ हजार छ सय ९० को सम्झौता गरेको छ । कार्यालयमा खरिद महाशाखामा आवश्यक मात्रामा कर्मचारी रहेको र छुट्टै खरिद एजेन्ट नियुक्त गरेको अवस्थामा थप परामर्शदाताको आवश्यकता पुष्टि गर्नुपर्ने देखिन्छ ।

समितिले यस वर्षको अन्त्यसम्ममा सबस्टेसनको ठेक्का लगाइसकेको भए पनि आयोजनाको मुख्य हिस्सा रहेको प्रसारण लाइनको निर्माण कम्पनी समेत छनोट नभएको र निर्माणस्थल व्यवस्थापनको काम समेत समाप्त भएको छैन । सुपरीवेक्षणको परामर्शदातालाई हालसम्म अमेरिकी डलर पाँच लाख तीन हजार भुक्तानी भइसकेको देखिन्छ ।

सबस्टेसनको ठेक्का लगाए पनि मोबिलाइजेसन पेस्की दिनेबाहेक अन्य थप निर्माणसम्बन्धी काम सुरु भएको छैन । सम्झौताको अवधि १४ अप्रिल, २०२५ सम्म रहेकाले प्रसारण लाइनको ठेक्का नलाग्दै वा सबस्टेसनको कार्य नहुँदै परामर्शदाताको सम्झौताको समयावधि समाप्त हुने अवस्था देखिन्छ । परामर्शदाताको कार्य सर्तबमोजिमको कार्यका लागि कार्यस्थलको व्यवस्थापन नहुँदै परामर्शदाता नियुक्त गर्दा अतिरिक्त व्ययभार पर्ने देखिन्छ ।

**परामर्श खर्च-**

समितिमा प्रमुख वित्तीय अधिकृत एक, वित्तीय व्यवस्थापन विशेषज्ञ दुई, आन्तरिक नियन्त्रक विज्ञ दुई र खरिदतर्फ कार्यक्रम व्यवस्थापक एक तथा खरिद विशेषज्ञ तीनजनाको दरबन्दी र पदपूर्ति भएको छ । विद्यमान जनशक्तिबाट नै लेखा राख्न र भुक्तानी सिफारिस गर्न एवं भुक्तानी दिन तथा खरिद कार्यको व्यवस्थापन गर्न सक्ने भए पनि वित्तीय प्रतिनिधि (फिस्कल एजेन्ट) र खरिद प्रतिनिधि (प्रोक्योरमेन्ट एजेन्ट)को रूपमा दुवै भूमिकामा एक विदेशी परामर्शदातासँग अमेरिकी डलर ७५ लाख ६८ हजार वित्तीय एजेन्टको लागि र खरिद एजेन्टको लागि अमेरिकी डलर ८५ लाख २९ हजार भुक्तानी गर्ने गरी समयबद्ध (टाइमबेस) सम्झौता गरेको छ ।

यो वर्ष फिस्कल एजेन्टतर्फ छ लाख ७० हजार अमेरिकी डलर (आठ करोड ९२ लाख १३ हजार रूपैयाँ) समेत हालसम्म अमेरिकी डलर ३९ लाख ६३ हजार तथा खरिद एजेन्टतर्फ यो वर्ष अमेरिकी डलर नौ लाख ३४ हजारसमेत हालसम्म ४५ लाख १८ हजार अमेरिकी डलर खर्च भएको देखिन्छ । यसरी वित्त र खरिदमा कार्यालयमै पर्याप्त जनशक्ति उपलब्ध रहेको साथै खरिद गर्न र भुक्तानी गर्नकै निमित्त एकै परामर्शदाता नियुक्ति गर्दा स्वार्थ बाझिने अवस्था हुन सक्ने र सेवा खरिदमा भएको खर्चभन्दा खरिद परामर्शदाताको भुक्तानीको खर्च बढी भई आयोजनालाई खर्चको भार बढ्न गएको छ ।

**कार्यान्वयन पत्र**

सम्झौताको दफा ३५ मा समयसमयमा एमसीसीले एमसीसी कोष वा आयोजनाको कार्यान्वयनको विषयमा सरकारलाई कार्यान्वयन पत्रमार्फत् सुझाव दिन सक्ने र नेपाल सरकारले त्यस्तो सुझाव प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । सोही दफाको सम्बन्धमा संसद्बाट पारित भएको व्याख्यात्मक घोषणामा सम्झौताको कार्यान्वयन गर्ने सम्बन्धमा मात्र सो व्यवस्था लागू हुने उल्लेख छ । एमसीसीले विभिन्न कारण देखाई लागत बढेको भनी कार्यान्वयन पत्र जारी गरी नेपाल सरकारले व्यहोर्नुपर्ने रकम ६७ मिलियन अमेरिकी डलर वृद्धि गरी एक सय ९७ मिलियन अमेरिकी डलर हुनुपर्ने प्रस्ताव गरेकोमा नेपाल सरकारले स्वीकार गरेको देखिन्छ ।

सम्झौताको बुँदा नं ६.२क बमोजिम पक्षहरुको लिखित सहमतिमा मात्र यस सम्झौताका प्रावधानहरुको संशोधन गर्न सक्ने र सो संशोधन लागू गर्ने सम्झौतामा उल्लिखित व्यवस्थाबमोजिम हुने उल्लेख छ । कार्यक्रम कार्यान्वयन भइसकेपछि खर्च भएको रकमको अनुमोदन गर्ने गरी वा सम्झौतामा भएको व्यवस्थाभन्दा फरकरूपमा सर्त तथा प्रावधानको संशोधन गर्दा यसबाट पर्ने प्रभाव विश्लेषण गरेको छैन । सम्झौतामा भएको प्रावधान परिवर्तन गर्दा लागत लाभको विषयमा ध्यान दिनुपर्ने देखिन्छ ।

**वित्तीय व्यवस्था र खर्च**

सम्झौताको धारा २ बमोजिम कार्यक्रम कार्यान्वयन सुरु भएको पाँच वर्षभित्र कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा पछिल्लो कार्यान्वयन पत्रबमोजिम एम. सी. सी. ले नेपाल सरकारलाई कम्प्याक्ट डेभलपमेन्ट फण्डिङको लागि ४०.५० मिलियन अमेरिकी डलर र कार्यक्रम कार्यान्वयनको लागि चार सय ५९.५० मिलियन अमेरिकी डलरभन्दा बढी नहुने गरी अनुदान रकम उपलब्ध गराउने र नेपाल सरकारले एक सय ९७ मिलियन अमेरिकी डलर आयोजना कार्यान्वयनका लागि विनियोजन गर्नुपर्ने व्यवस्था छ। सम्झौताबमोजिम सिडिएफ (कार्यान्वयन पूर्वको खर्च) को लागि व्यवस्था भएको कर्पोरेसन तर्फको ४०.५ मिलियन अमेरिकी डलर र नेपाल सरकारतर्फको ४० मिलियन अमेरिकी डलरमध्ये सो चरणको समाप्ति पश्चात् बचत भएको एक करोड ६५ लाख अमेरिकी डलरसमेत कार्यान्वयन चरणको चार सय ५९.५० मिलियन अमेरिकी डलरमा समावेश गरेको छ ।

यो वर्ष एमसीसी र नेपाल सरकार दुवैको स्रोतबाट २२ अर्ब ३० करोड ५९ लाख खर्च गर्ने परियोजनाको लक्ष्य रहेकोमा दुई अर्ब चार करोड ८६ लाख अर्थात् लक्ष्यको नौ दशमलव ८ प्रतिशत खर्च भएको छ । यो परियोजना कार्यान्वयन भएपश्चात् तोकिएको समयमा उपलब्धि हासिल नगरेमा परियोजनाको अवधि थप हुनेसम्बन्धी प्रावधान नभएकाले यस वर्ष करिब ९० प्रतिशत कार्य आगामी वर्षका लागि थप भएको देखिन्छ । अतः आयोजना सञ्चालनका कार्यतालिकानुसार कार्य गराउने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

# डोल्पामा हुँदै नभएको विद्यालयको नाममा साढे सात लाख बढी भ्रष्टाचार

■ आर्थिक संवाददाता

काठमाडौं, असार १९

डोल्पाको तत्कालीन दुनै गाविस वडा नम्बर २ र ३ मा हुँदै नभएको विद्यालयको नाममा साढे सात लाख रूपैयाँभन्दा बढी रकम भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

अख्तियारले काल्पनिक विद्यालय खडा गरी सात लाख ६० हजार रूपैयाँ भ्रष्टाचार गरेको आरोपमा डोल्पाका तत्कालीन कार्यालय प्रमुख इन्जिनियर रविचन्द्र पजियार, लेखापाल मनिराम कुर्मी, फर्जी उपभोक्ता समितिका अध्यक्ष नन्दसिंह बुढा र कोषाध्यक्षविरुद्ध विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको हो । अख्तियारले दायर गरेको मुद्दामा उनीहरु प्रत्येकसँग सात लाख ६० हजार रूपैयाँ बिगो र कैद माग गरिएको छ ।

अख्तियारले प्रमुख इन्जिनियरसहित चार जनालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिम कैद र बिगो असुल उपर गर्न मागदाबी गरेको हो । हाल डोल्पा ठूलोभेरी नगरपालिका वडा नम्बर ४ (साविक दुनै गाविस वडा नम्बर २ र ३) तिप्लास्थित काल्पनिक विद्यालय दुर्गा प्राथमिक विद्यालय खडा गरी कार्यालय प्रमुख इन्जिनियर पजियार, लेखापाल कुर्मी, फर्जी निर्माण उपभोक्ता समितिका अध्यक्ष नन्दसिंह र संगीताले आपसी मिलेमतो तथा योजनामा विद्यालयको नाममा दुई कोठे भवन निर्माणका लागि उक्त रकम विनियोजन गरेका थिए । उक्त रकम प्रमुख इन्जिनियर पजियारको सिफारिसमा उपभोक्ता समितिको नाममा खाता खोली जस्ताको छानासहितको दुई कोठे भवन निर्माण गरेको भनी झुटा तथा नक्कली कागजात तयार गरी चेकमार्फत् सात लाख ६० हजार रूपैयाँ भुक्तानी दिने तथा लिने काम भएको थियो ।

आर्थिक वर्ष २०६७/६८ मा शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट विद्यालय भवन निर्माणको लागि कुनै पनि रकम नआएको र भवन पनि नबनेको जिल्ला शिक्षा कार्यालय, डोल्पाले पत्रमार्फत् अख्तियारलाई जानकारी दिएको थियो । अख्तियारका अनुसार डोल्पा दुनै गाविस २ र ३ तिप्लाका कुनै पनि वडा र बस्तीमा नरहेको विद्यालय दुर्गा प्राथमिक विद्यालय तिप्लाको नाममा योजना परेको तर विद्यालय भवन नबनाई अनियमितता गरेको उजुरी परेसँगै अख्तियारले अनुसन्धान गर्दा उक्त स्थानमा विद्यालय नै नभएको पाइएको थियो ।

अख्तियारले अनुसन्धानको क्रममा दुनै गाविस वडा नम्बर २ र ३ तिप्लामा दुर्गा प्राथमिक विद्यालयको नामबाट हालसम्म कुनै पनि विद्यालय सञ्चालनमा नरहेको र डोल्पा ठूलोभेरी नगरपालिका वडा नम्बर ४ (साविक दुनै गाविस वडा नम्बर २ र ३) मा एउटै मात्र श्रीलालीगुराँस आधारभूत विद्यालय रहेको पाएको थियो ।



## निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

लालविर तामाङ्गको नाति, पूर्ण सिंह तामाङ्गको छोरा, कान्छी माया तामाङ्गको पति, काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल नगरपालिका वडा नं. ११ वस्ने, यस वैंकको धुलिखेल शाखाका खातावाला कान्छा तामाङ्गको मिति २०८१/०९/२१ मा मृत्यु भएकाले यस वैंकमा रहेको वचत खाता नं. २३१७०७१०६११०००१८ मा भएको रकम पाउँ भनी निज खातावालाको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल नगरपालिका वडा नं. ११ वस्ने, कान्छी माया तामाङ्गले आवश्यक कागजात सहित यस वैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा वैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११(२) वमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण यस वैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन वमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
शाखा कार्यालय : धुलिखेल
फोन नं.०११-४९०११३/९५

## बीमालेख हरायो

मेरो निम्न व्यहोराको विमालेख स्वयम्भू बाट सितापाईला जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्न लिखित ठेगानामा उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु ।

नाम : प्रतिना प्रधान
विमालेख नं. PLI 1010010145
ठेगाना : सितापाईला - ५, काठमाडौं
मो.नं. : ९८४१८०८०४१,
९८५१०५०८१२

## संस्थापक शेयर बिक्रीका सम्बन्धमा साविकका संस्थापकहरूका लागि जारी गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/03/२०)

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडका तपसिलमा उल्लेखित संस्थापक शेयरधनीहरुले आफूले धारण गरेको कुल संस्थापक शेयर मध्ये उल्लेखित शेयर बिक्री गर्न इच्छुक रही, सञ्चालक समिति समक्ष निवेदन पेश गर्नु भएको हुँदा बीमकको संस्थापक शेयर कारोबार सम्बन्धी निर्देशिका, २०७७ को निर्देशन नं.११ बमोजिम खरिद गर्न इच्छुक हाल कायम संस्थापक शेयरधनीहरुका लागि यो ३५ दिने सूचना जारी गरिएको छ । हाल कायम रहेको संस्थापक शेयरधनीहरुले उल्लेखित शेयर खरिद गर्न चाहेमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको केन्द्रीय कार्यालय कमलादी, काठमाडौंमा निवेदन पेश गर्नुहुन जानकारी गराईन्छ। उक्त समयसम्ममा कुनै निवेदन पेश हुन नआएमा कानून बमोजिम भइजाने व्यहोरा समेत अवगत गराईन्छ ।

तपसिल

| क्र.सं. | शेरधनीको नाम | बिक्री गर्न चाहेको शेयर संख्या | कैफियत |
|---|---|---|---|
| १. | श्री डा.आत्माराम घिमिरे | १,२९,६०० कित्ता | |
| २. | श्री लजना श्रेष्ठ | १,००० कित्ता | |
| ३. | श्री हरि बा. कडेल | १८,००० कित्ता | |

PRABHU Mahalaxmi Life
प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड
कमलादी, काठमाडौं, नेपाल
फोन: ०१-५३६२२२३
ई-मेल: info@pmlil.com

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैक बाट ग वर्गको इजाजतपत्र प्राप्त संस्था)
ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्स: २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

## Notice of Invitation of Sealed Bids for Information System (IS) Audit

Date of Publication : 20th Ashadh, 2082

Manjushree Finance Limited (MFL) invites sealed quotations from interested and eligible firms/companies for conducting it's Information System (IS) Audit. Quotations must be submitted within 15 days from the date of publication of this notice. For detailed specifications, terms, and conditions, please visit our website: https://manjushreefinance.com.np.

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

राम नारायण पेरिवालको नातिनी, गजानन्द पेरिवालको छोरी, मोरङ्ग जिल्ला, बिराटनगर वडा नं. ७ बस्ने यस बैंकको बिराटनगर शाखा कार्यालयको खातावाला लक्ष्मी देवी राठीको मिति २०८१/०९/०१ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमान मुलचन्द राठीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०८८४/४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

## निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

सुब्वा लाल यादवको नाति, राम किसुन यादवको छोरा, कुमारी देवी यादवको पती, सिरहा जिल्ला, सखुवानान्कारकट्टी गा.पा. वडा नं. ०३ (साविक महदेवा पोर्ताहा गा.वि.स. वडा नं. ०६) स्थाई ठेगाना भई हाल सिरहा जिल्ला, लहान नगरपालिका, वडा नं १३ बस्ने, यस बैंकको लहान शाखाका खातावाला जोगीन्दर यादवको मिति २०८१/०४/२८ मा मृत्यु भएकाले यस बैंकमा रहेको निजको बचत खाता नं. ०६४०२४२५०९८०००१७ मा भएको रकम पाउँ भनी निज खातावालाको पत्नी, सिरहा जिल्ला, लहान नगरपालिका वडा नं १३ (साविक बस्तीपुर गा.वि.स. वडा नं. ०३) बस्ने, कुमारी देवी यादवले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११(२) बमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
शाखा कार्यालय : लहान
फोन नं. ०३३-५६४७०८, ०३३-५६४७०९

## बिमालेख हराएको सूचना

मिति २०८२/०२/१५ गते बालाजुदेखि न्यूरोडसम्म जाँदा मेरो एलआइसीको बिमा पोलिसि नं. ११००३५८९३ को विमालेख हराएकोले पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकको प्रहरी चौकीमा सम्पर्क गरि दिनुहोला ।

**नाम: सनिता लामा**
ठेगाना: इचंगुनारायण-७
सम्पर्क नं.: ९८४१४४८९६०

## सवारी लिन आउने ३५ दिने सूचना

निम्न व्यहोराको २०७३/०८/मा ग २ च ४६५१ मा दर्ता कायम भएको 2009 मोडलको TATA Indica Vista गाडी भरतपुर ११ चितवनस्थित लोकोमोटिभ मोटर्स प्रा.लि.मा विगत ७ वर्ष अगाडिदेखि रहि आएको हुँदा ३५ दिन भित्रमा सवारी धनी आफै आएर हरहिसाब गरी लैजानु होला । अन्यथा कानूनको सहायता लिइ सोही अनुसार अगाडि बढ्ने व्यहोरा जानकारी गराउँछौं ।

**सवारी धनीको नाम** : नवराज गुरुङ
**ठेगाना** : घिताल-०७, कास्की
**च्यासिस** : MAT6114529PH66287
**इन्जिन** : 100A20000032882

## नाम परिबर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०३/२०

यस **चेतन मार्ट** (प्रा. लि. नं.१६५१६०/०७३/७४) को मिति २०८२/०१/३१ को वार्षिक साधारण सभाबाट कम्पनीको नाम परिबर्तन गर्ने विशेष प्रस्ताव बमोजिम नयाँ नाम "**चेतन इन्टरप्राइजेज प्रा. लि.** (Chetan Enterprises Pvt. Ltd.)" कायम गर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२।०२।११ मा स्वीकृति प्रदान गरिएको बेहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै यस कम्पनीको साविक नाममा रहेको सम्पूर्ण अधिकार, चल-अचल श्रीसम्पत्ति, तथा तिर्नु-बेहोर्नुपर्ने कर, दायित्व आदि परिबर्तित नयाँ नामको कम्पनीले सकार्ने बेहोर्ने भएको हुँदा यस कम्पनीसँग सरोकार राख्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## बिर्तामोड नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल

### आन्तरिक आय संकलनको लागि बोलपत्र आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०३/२०

स्थानीय सरकार संचालन ऐन २०७४ तथा बिर्तामोड नगरपालिका आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त कार्यविधी २०७७ को दफा ३ बमोजिम बिर्तामोड नगरपालिकाले आगामी आ.व. २०८२/०८३,२०८३/०८४ र २०८४/०८५ को लागि बार्षिक उठाउन पाउने देहायको आन्तरिक आय प्रचलित कानुन बमोजिम ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म वा कम्पनीले तपसिलमा उल्लेखित दस्तुर तिरी यो सूचना प्रकाशित भएको मितिले तपसिलमा उल्लेखित शर्त बमोजिमको समयमा बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको web Portal www.bolpatra.gov.np/egp विधुतीय माध्यमबाट बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक वार्षिक (मू.अ.कर सहित) | धरौटी रकम | बोलपत्र दस्तुर | बोलपत्र खरिद तथा पेश गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| BTMMUN/REVENUE/ NCB-27/081/82 | विज्ञापन कर | २८,१०,०००/- (अक्षरुपी अट्ठाइस लाख दश हजार रुपैया मात्र) | कबोल अंकको ५% | ३०००/- | २०८२/०४/१८ गते दिनको १२ बजे भित्र | प्रत्येक आर्थिक बर्ष कबोल अंकको आधारमा १० प्रतिशत वृद्धि गरी तीन आर्थिक बर्षको लागि ठेक्का रकम कायम हुनेछ । |

नोट : बोलपत्र सम्बन्धी थप जानकारीको लागि कार्यालयको वेबसाइट https://birtamodmun.gov.np/ne वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७८-०६-०८ मा दर्ता भएको प्रा.लि.नं.२७३१६३ को **एम.पि.सि इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२-०१-२३ को निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## हकदावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०५६-०९-२० गतेका दिन दर्ता भएको दर्ता नम्बर ११८६७ को **श्री रत्न एण्ड हिरा निर्माण सेवा** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनी निवेदन गरेको हुँदा कम्पनीले कसैसँग ऋण लिएको वा तिर्नुपर्ने दायित्व भए प्रमाणसहित हकदावीका लागि ३५ दिनभित्र यस कार्यालयमा प्रमाणसहित आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

# नेपालमा एमजी विन्डसर ईभी सार्वजनिक

आर्थिक संवाददाता
काठमाडौं, असार १९



नेपालका लागि एमजी मोटर्सको आधिकारिक आयातकर्ता एवं वितरक पारामाउन्ट मोटर्स प्रालिले एमजी विन्डसर ईभी सार्वजनिक गरेको छ । कम्पनीले हालै काठमाडौंमा एक विशेष कार्यक्रमको आयोजना गरी एमजी विन्डसर ईभी सार्वजनिक गरेको हो । भारतमा निर्मित यस गाडीले व्यावहारिकता, सुविधा र प्रिमियम डिजाइनलाई एउटै गाडीमा समेट्दै एमजीको इलेक्ट्रिक मोबिलिटी पोर्टफोलियो विस्तार गरेको जनाइएको छ । विन्डसर ईभीले थप स्पेस, थप कम्फर्ट र थप प्रिमियम फिचरहरु उपलब्ध गराउँछ, जसले यो परिवार र व्यावसायिक व्यक्तिहरूका लागि उत्तम विकल्प बनाउँछ । यसमा एक सय ३५ डिग्री रेक्लाइन हुने एरो-लाउन्ज सिटहरु, छ सय चार लिटरको ठूलो बुट स्पेस र १५ दशमलव छ इन्चको ग्रान्डभ्यू टच डिस्प्ले रहेको छ ।

कम्पनीका अनुसार विन्डसर ईभीमा शक्तिशाली मोटर पावर रहेको छ, यसले सहर र हाइवेको ड्राइभलाई सहज बनाउँछ । यसको ३८ किलोवाट ब्याट्रीले तीन सय ३२ किमीको भरपर्दो रेन्ज प्रदान गर्छ । साथै, वायरलेस चार्जिङ सुविधाले थप सहजता दिन्छ भने एप्पल र एन्ड्रोइड कारप्ले इन्टिग्रेसनले कनेक्टिभिटीलाई सहज बनाउँछ । प्रिमियम अपिल बढाउन यसमा लेदरेट सिटहरु र स्मार्ट फ्लस डोर ह्यान्डल पनि राखिएका छन् । सुरक्षाका लागि यसमा छ वटा एयरब्याग राखिएको छ । साथै, यो आईपी ६७ रेटेड भएको र ३९ वटा कडा सेफ्टी टेस्टहरु पार गरेको छ । छ स्पिकर सिस्टमले गाडीभित्रको मनोरञ्जन अनुभवलाई अझ उत्कृष्ट बनाउँछ भने एक सय ८६ मिमि ग्राउन्ड क्लियरेन्सले सबै बाटोमा सहज र आत्मविश्वासी ड्राइभ सुनिश्चित गर्छ ।

विन्डसर ईभीमा आठ वर्षको ब्याट्री वारेन्टी रहेको छ । साथै, नेपालभर फैलिएको एमजीको डिलर नेटवर्कले बिक्री र सर्भिसमा उत्कृष्ट सेवा अनुभव गराउनेछ । एमजी मोटर्स नेपालका प्रवक्ता सुनील बहादुर क्षेत्रीले एमजी विन्डसर ईभीले स्पेस, कम्फर्ट र प्रिमियम फिचरहरूलाई एउटै विद्युतीय यात्रा अनुभवमा समेटेको बताए । यसले नेपालमा इलेक्ट्रिक मोबिलिटीको नयाँ आयाम स्थापित गर्ने उनको भनाइ छ । पारामाउन्ट मोटर्स प्रालिले सधैं उच्च गुणस्तरीय, नवप्रवर्तनयुक्त र दिगो अटोमोटिभ समाधानहरु उपलब्ध गराउने आफ्नो प्रतिबद्धता कायम राख्दै आएको छ । नेपालमा उपलब्ध अन्य एमजी गाडीहरूमा एमजी ४ ईभी, एमजी कोमेट ईभी, एमजी जेडएस ईभी र एमजी एस ५ ईभी छन् ।

# काठमाडौंमा यु–ल बिजनेस स्कुलको मास्टरक्लास तथा नेटवर्किङ कार्यक्रम



काठमाडौं, असार १९ । युनिभर्सिटी अफ ल (यु-ल)अन्तर्गत यु-ल बिजनेस स्कुलले ग्लोबल युनिभर्सिटी सिस्टम्स (जीयूएस)सँगको सहकार्यमा 'यु-ल इन्गेज फोरम' कार्यक्रम आयोजना गरेको छ । काठमाडौंमा आयोजित कार्यक्रममा यु-ल बिजनेस स्कुलका निर्देशक डा एन्ड्रेस पेरेज रूइजले नेतृत्व विकाससम्बन्धी मास्टरक्लास सञ्चालन गर्दै व्यावहारिक शिक्षाको महत्वबारे प्रकाश पारेका थिए । उनले यु-ल स्कुलको अन्तर्राष्ट्रिय अनुभव, करियर केन्द्रित कार्यक्रम र व्यावसायिक पाठ्यक्रमबारे जानकारी दिए । यु-ल युकेको सबैभन्दा ठूलो कानुनी शिक्षण संस्था हो, जसले क्युएस फाइभ स्टार मान्यता प्राप्त गरेको छ । यो शीर्ष एक सय कानुनी फर्ममध्ये ९१ सँग साझेदारीमा रहेको जनाइको छ ।

कार्यक्रममा बियुआईएलए उपाध्यक्ष उला ट्याङ-प्लोम्यान, जियुएसका ग्लोबल निर्देशक दीपांश सिंगला, दक्षिण एसिया निर्देशक राजु पौडेल र नेपाल प्रतिनिधि अंकित ढकालले नेपालमा युलको उपस्थितिबारे धारणा राख्दै अन्तर्राष्ट्रिय शिक्षा क्षेत्रमा सहकार्यको सम्भावनाबारे चर्चा गरेका थिए । मास्टरक्लासपछि आयोजित नेटवर्किङ सत्रमा विभिन्न शैक्षिक संस्था, अभिकर्ता र साझेदारहरूले यु-ल टोलीसँग अन्तर्क्रिया गरेका थिए ।

# नक्सालमा मास्टर सेफ साहको 'जनकपुर फिस हाउस'

आर्थिक संवाददाता
काठमाडौं, असार १९



बिबिसी मास्टर सेफ सन्तोष साहले राजधानीको नक्सालमा 'जनकपुर फिस हाउस' संचालनमा ल्याएका छन् । नक्सालको मिथिला थाली प्राङ्गणमा सुरू गरिएको 'जनकपुर फिस हाउस'मा माछाका परिकारमा जनकपुरको स्वाद दुरुस्तै पस्कने सेफ साह बताउँछन् ।

जनकपुरमा जस्तै मोटो तावामा, सर्सिउँको तेलमा तारेको माछालाई धेरैले मन पराउनेमा सेफ साह विश्वस्त छन् । सेफ सन्तोषको यो काममा उनका दाजु सेफ दिलीपले साथ दिएका छन् । सन्तोषलाई हस्पिटालिटी क्षेत्रमा भित्र्याउने दिलीपसँग नेपाल, भारत र मध्य अमेरिकाका हस्पिटालिटी क्षेत्रमा काम गरेको साढे तीन दशक लामो अनुभव छ । सेफ दिलीपका भन्छन्, 'जसरी काठमाडौंमा किलोमा सेकुवा खाने प्रचलन छ, त्यसरी नै माछाको मात्र प्रचलन गर्ने उद्देश्यले यो रेस्टुराँ खोलिएको हो, जनकपुरमा जसरी माछा खाने परम्परा छ, त्यो स्वाद र अनुभव यहाँ ल्याउने हाम्रो प्रयास हो । पछिल्लो समय स्वास्थ संयम भएर 'ह्वाइट मिट' खाने परम्परालाई पनि यसले सघाउनेछ ।'

उनका अनुसार फिस हाउसमा करिब दश प्रकारका माछाका परिकार पाइन्छ । स्पेशल तावा फिस अर्डर गर्दा सानो जनकपुरी मुरी (साँदेको खट्टे) र मुलाको अचारसँगै चाख्न पाइनेछ । ट्राउट, झिँगे माछा, फिस चिली, फिस सेट जस्ता परिकारहरु पनि उपलब्ध छन् । सबै परिकारहरु जनकपुरको पारम्परिक स्वाद र शैलीमा तयार पारिन्छन् । जनकपुर फिस हाउसमा पेय पदार्थ पनि सुलभ मूल्यमै उपलब्ध गराइएको छ ।

पछिल्लो समय सेफ साहले अमेरिकादेखि यूरोप, न्युजिल्यान्ड, अष्ट्रेलिया, जापानसम्म उनले नेपालका विभिन्न समुदाय र जातिका मौलिक परिकार आफ्ना नेपाली रैथाने स्वादका रेसिपीको पप-अप शो आयोजना गर्दै आएका छन्, जसमा साहले करिब डेढ दर्जन परिकार पस्कन्छन् । स्वदेशमा भने साह मिथिला थालीको प्रचारप्रसारमा काम गरिरहेका छन् ।

# टाटाको ७.७ डिल्स लाइक नेभर बिफोर विशेष कार्यक्रम




काठमाडौं असार १९ । टाटा मोटर्सको ७.७ डिल्स लाइक नेभर बिफोर विशेष कार्यक्रम सुरू भएको छ । टाटा मोटर्सको नेपालका लागि एक मात्र आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिले बिहीबारदेखि सो कार्यक्रम शुरू गरेको हो ।

असार २३ गतेसम्म सञ्चालन हुने कार्यक्रमअन्तर्गत जुनसुकै ब्रान्डका पुराना गाडी साटेर टाटा ब्रान्डका पेसेन्जर श्रेणीअन्तर्गतका नयाँ टियागो ईभी, पञ्च ईभी, नेक्सन के ३ ईभी, र कभ ईभी एक्सचेन्ज तथा खरिद गर्न सकिनेछ । यस्तै, हरेक टाटा गाडीको खरिदमा जोडीका लागि थाइल्याण्ड भ्रमण, साथै एक वर्षको अटोप्लस बीमा, दुई आर्थिक वर्षसम्मको सवारीकर (भ्याट), एसेसोरिज, वारेन्टी अवधिभर चार्जिङ सेवा, चार्जिङ बक्ससहित जडान र एम्बोस्ड नम्बर प्लेटजस्ता सुविधा निःशुल्करूपमा प्राप्त गर्न सक्नेछन् । सो अवसरमा ग्राहकहरूले नेपालभर रहेका टाटा मोटर्सको सोरूममा गई नयाँ तथा अत्याधुनिक डिजाइनका गाडीहरु अवलोकन तथा हरेक टेस्ट ड्राइभ, बुकिङ र गाडी मूल्याङ्कन गर्दा ग्राहकहरूलाई आकर्षक उपहारहरु प्रदान गरिनेछ । साथै, एक जना भाग्यशाली विजेताले बम्पर पुरस्कारस्वरूप आईफोन १६ जित्ने अवसर समेत पाउनेछन् ।

पाँच दिनसम्म सीमित यस कार्यक्रमको अवधिमा टाटा मोटर्सको देशभर रहेका अधिकारिक सोरूमहरूमा यो कार्यक्रम सञ्चालनमा हुनेछ । सिप्रदी ट्रेडिङले विद्युतीय यात्रालाई सहज, सुरक्षित र लाभदायक बनाउने प्रतिबद्धताका साथ '७.७ डिल्स लाइक नेभर बिफोर'लाई उपभोक्तामैत्री र मूल्यवर्धित अवसरका रूपमा प्रस्तुत गरेको हो ।

# एस्टन मार्टिन अराम्को र रियलमीको सहकार्यमा को–ब्रान्डेड स्मार्टफोन सार्वजनिक

काठमाडौं असार १९ । विश्वप्रसिद्ध फर्मुला वान टिम एस्टन मार्टिन अराम्कोले रियलमीसँग दीर्घकालीन लाइसेन्स सम्झौता गरेको छ । सो सहकार्यअन्तर्गत पहिलोपटक दुई ब्रान्डको संयुक्त पहिचान बोकेको मोबाइल फोन रियलमी जीटी ७-ड्रिम एडिसन सार्वजनिक भएको छ ।

रियलमीको फ्ल्यागसिप सिरिजअन्तर्गत पर्ने यो नयाँ फोनमा अत्याधुनिक प्रविधि र आकर्षक डिजाइन रहेको छ, जसमा एस्टन मार्टिन अराम्कोको विश्वप्रसिद्ध पत्तयुक्त लोगो पनि समावेश गरिएको छ । यसले पर्फर्मेन्स र ब्युटिफिकेसनको सन्तुलन प्रस्तुत गर्ने लक्ष्य राखिएको छ । रियलमीको फ्ल्यागसिप सिरिजअन्तर्गत आएको नयाँ जीटी ७ स्मार्टफोनले अत्याधुनिक डिजाइनसँग उच्च-स्तरीय पर्फर्मेन्स संयोजन गर्दछ । यसमा एस्टन मार्टिन अराम्कोको प्रतिष्ठित टिम लोगो समावेश रहेको छ ।

हाल विश्वभर २० करोडभन्दा बढी प्रयोगकर्ता बनाइसकेको रियलमी संसारकै सबैभन्दा तीव्र वृद्धि भइरहेको मोबाइल फोन ब्रान्ड मानिन्छ । 'मेक इट रियल' स्लोगन बोकेको यो कम्पनी युवापुस्तालाई लक्षित गर्दै नवीनतम प्रविधि उपलब्ध गराउन समर्पित रहेको छ । सहकार्यअनुसार एस्टन मार्टिन अराम्को र रियलमीले प्रत्येक वर्ष दुईओटा संयुक्त मोबाइल मोडेल निर्माण गर्ने योजना सार्वजनिक गरेका छन् । ती मोबाइलहरूमा अल्ट्रा पर्फर्मेन्स र विशिष्ट डिजाइन विशेषता हुने जनाइएको छ ।

रियलमीका प्रमुख कार्यकारी अधिकृत स्काई लीले एस्टन मार्टिन अराम्कोजस्तो प्रसिद्ध र गतिशील टोलीसँग सहकार्य गर्नु कम्पनीको लागि अत्यन्तै महत्वपूर्ण उपलब्धि भएको बताए । यो सहकार्यको माध्यमबाट संसारभरका प्रयोगकर्ताहरूका लागि अझ एड्भान्स डिजाइन र उत्कृष्ट निर्माण अनुभव प्रदान गर्न अग्रसर हुने उनले बताए । एस्टन मार्टिन अराम्को फर्मुला वन टोलीका हेड अफ लाइसेन्सिङ एन्ड मर्चेन्डाइज म्याट च्यापम्यानले जीटी ७ ड्रिम एडिसनले उच्च-कार्यसम्पादन र नवीनतम डिजाइनको संयोजन गर्ने उल्लेख गरे ।

## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

**(प्रकाशित मितिः २०८२।०३।२० को आर्थिक राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरणः**

**१. ऋणीको नामः आलोक सपिङ्ग सेन्टर** **कर्जा शिर्षकः** बैंक जमानत, क्यास क्रेडिट र चालुपूंजी कर्जा
(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलालीमा दर्ता रहेको), दर्ता नं.:१२८६७/०६५/६६, दर्ता मितिः २०६५/०४/१३, स्थायी लेखा नं.: ३०२९०६२७७, ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. ४।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**
**राजु प्रसादः** ना.प्र.प.नं (जारी मिति/स्थान): १३५२२७७६(२०६२/०५/०१/पर्सा), बाजेको नामः जोगिन्दर प्रसाद वर्णवाल, बाबुको नामः मदन कुमार, ठेगानाः पर्सा जिल्ला, भौराटार गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. १।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. ज्योती देवी वर्णवालः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३४-०१-७५-००६५९(२०७५/०१/२०/पर्सा), बाबुको नामः रविन्द्र प्रसाद, ससुराको नामः मदन कुमार, पतिको नामः राजु प्रसाद, ठेगानाः पर्सा जिल्ला, बहुदरमाई न.पा., वडा नं. ५ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. १।

**ख. प्रमिला देवीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३४-०१-७४-१६६५८(२०७४/१२/३०/पर्सा), बाबुको नामः हरीलाल वर्णवाल, ससुराको नामः जोगिन्दर प्रसाद वर्णवाल, पतिको नामः मदन कुमार, ठेगानाः पर्सा जिल्ला, बहुदरमाई न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. १।

**ग. मदन कुमारः** ना.प्र.प.नं (जारी मिति/स्थान): १३५२२१५६(२०४३/०९/१९/पर्सा), बाजेको नामः दुखिसा वर्णवाल, बाबुको नामः जोगिन्दर प्रसाद वर्णवाल, ठेगानाः पर्सा जिल्ला, भौराटार गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. १।

**२. ऋणीको नामः आर्यान एण्ड मधु ट्रेडर्स** **कर्जा शिर्षकः** आवधिक कर्जा
(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलालीमा दर्ता रहेको), दर्ता नं.: ३१४१७/०७८/७९, दर्ता मितिः २०७८/०४/२१, स्थायी लेखा नं.: ६१६२६४०८९, ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. १।

**प्रोप्राईटरः**
**ज्योती देवी वर्णवालः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३४-०१-७५-००६५९(२०७५/०१/२०/पर्सा), बाबुको नामः रविन्द्र प्रसाद, ससुराको नामः मदन कुमार, पतिको नामः राजु प्रसाद, ठेगानाः पर्सा जिल्ला, बहुदरमाई न.पा., वडा नं. ५ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. १।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. राजु प्रसादः** ना.प्र.प.नं (जारी मिति/स्थान): १३५२२७७६(२०६२/०५/०१/पर्सा), बाजेको नामः जोगिन्दर प्रसाद वर्णवाल, बाबुको नामः मदन कुमार, ठेगानाः पर्सा जिल्ला, भौराटार गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. १।

**ख. प्रमिला देवीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३४-०१-७४-१६६५८(२०७४/१२/३०/पर्सा), बाबुको नामः हरीलाल वर्णवाल, ससुराको नामः जोगिन्दर प्रसाद वर्णवाल, पतिको नामः मदन कुमार, ठेगानाः पर्सा जिल्ला, बहुदरमाई न.पा., वडा नं. ५ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. १।

**ग. मदन कुमारः** ना.प्र.प.नं (जारी मिति/स्थान): १३५२२१५६(२०४३/०९/१९/पर्सा), बाजेको नामः दुखिसा वर्णवाल, बाबुको नामः जोगिन्दर प्रसाद वर्णवाल, ठेगानाः पर्सा जिल्ला, भौराटार गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. १।

**३. ऋणीको नामः सानवि कलेक्सन** **कर्जा शिर्षकः** क्यास क्रेडिट
(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलालीमा दर्ता रहेको), दर्ता नं.: २७९२६/०७६/७७, दर्ता मितिः २०७६/०८/०९, स्थायी लेखा नं.: ६१२५१६३०२, ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. ४।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**
**मदन कुमारः** ना.प्र.प.नं (जारी मिति/स्थान): १३५२२१५६(२०४३/०९/१९/पर्सा), बाजेको नामः दुखिसा वर्णवाल, बाबुको नामः जोगिन्दर प्रसाद वर्णवाल, ठेगानाः पर्सा जिल्ला, भौराटार गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. १।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. राजु प्रसादः** ना.प्र.प.नं (जारी मिति/स्थान): १३५२२७७६(२०६२/०५/०१/पर्सा), बाजेको नामः जोगिन्दर प्रसाद वर्णवाल, बाबुको नामः मदन कुमार, ठेगानाः पर्सा जिल्ला, भौराटार गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. १।

**ख. प्रमिला देवीः** ना.प्र.प.नं (जारी मिति/स्थान):३४-०१-७४-१६६५८(२०७४/१२/३०/पर्सा), बाबुको नामः हरीलाल वर्णवाल, ससुराको नामः जोगिन्दर प्रसाद वर्णवाल, पतिको नामः मदन कुमार, ठेगानाः पर्सा जिल्ला, बहुदरमाई न.पा., वडा नं. ५ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. १।

**ग. ज्योती देवी वर्णवालः** ना.प्र.प.नं (जारी मिति/स्थान):३४-०१-७५-००६५९(२०७५/०१/२०/पर्सा), बाबुको नामः रविन्द्र प्रसाद, ससुराको नामः मदन कुमार, पतिको नामः राजु प्रसाद, ठेगानाः पर्सा जिल्ला, बहुदरमाई न.पा., वडा नं. ५ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. १।

**माथि उल्लेखित तिननै ऋणीहरुको लागि धितो लेखिदिएको सम्पत्तिहरूको विवरणः**
दुखिसा वर्णवालको नाती, जोगिन्दर प्रसाद वर्णवालको छोरा, पर्सा जिल्ला, भौराटार गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. १ बस्ने **मदन कुमार**को नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, धनगढी नगरपालिका, वडा नं. १ स्थित कि.न. ३८० को क्षेत्रफल ४५७.२० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**ऋणी सानवि कलेक्सनको लागि धितो लेखिदिएको सम्पत्तिहरूको विवरणः**
जोगिन्दर प्रसाद वर्णवालको नाती, मदन कुमारको छोरा, पर्सा जिल्ला, भौराटार गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. १ बस्ने **राजु प्रसाद**को नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, फुलवारी गा.वि.स./न.पा., वडा नं. ७ स्थित कि.न. २४५ र २४६ को क्षेत्रफल क्रमशः १३५४.५२ र ३२०.४८ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**४. ऋणीको नामः राजु प्रसाद** **कर्जा शिर्षकः** क्रेडिट कार्ड
ना.प्र.प.नं (जारी मिति/स्थान): १३५२२७७६(२०६२/०५/०१/पर्सा), बाजेको नामः जोगिन्दर प्रसाद वर्णवाल, बाबुको नामः मदन कुमार, ठेगानाः पर्सा जिल्ला, भौराटार गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. १।

**५. ऋणीको नामः विन्दावासिनी पोल्ट्री फर्म** **कर्जा शिर्षकः** आवधिक कर्जा
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा दर्ता रहेको), दर्ता नं.: ६५५/०७१/०७२, दर्ता मितिः २०७१/११/२७, स्थायी लेखा नं.: ६०३०६४३७७, ठेगानाः चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ४।

**प्रोप्राईटरः**
**चण्डिका न्यौपानेः** ना.प्र.प.नं (जारी मिति/स्थान):८०८४/०६२(२०६२/०१/१४/चितवन), बाजेको नामः पदम प्रसाद न्यौपाने, बाबुको नामः सेतु प्रसाद न्यौपाने, ठेगानाः चितवन जिल्ला, चैनपुर गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ४।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. सेतु प्रसाद न्यौपानेः** ना.प्र.प.नं (जारी मिति/स्थान): २९६(२०३६/चितवन), बाजेको नामः च्याकरु न्यौपाने, बाबुको नामः पदम प्रसाद न्यौपाने, ठेगानाः चितवन जिल्ला, चैनपुर गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ४।

**ख. रामनाथ ओझाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ८३१४३(२०५६/०३/१०/कास्की), बाजेको नामः विश्वनाय ओझा, बाबुको नामः लोकनाथ ओझा, ठेगानाः कास्की जिल्ला, थुम्की गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ४।

**ग. मिठूमाया न्यौपानेः** ना.प्र.प.नं (जारी मिति/स्थान): २९७(२०४३/१०/२९/चितवन), बाबुको नामः कृष्ण प्रसाद धिताल, ससुराको नामः पदम प्रसाद न्यौपाने, पतिको नामः सेतु प्रसाद न्यौपाने, ठेगानाः चितवन जिल्ला, चैनपुर गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ४।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**
**क.** च्याकरु न्यौपानेको नाती, पदम प्रसाद न्यौपानेको छोरा, चितवन जिल्ला, चैनपुर गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ४ बस्ने **सेतु प्रसाद न्यौपाने**को नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, चैनपुर गा.वि.स./न.पा., वडा नं. १/क स्थित कि.न. ८२७ र ८२८ को क्षेत्रफल क्रमशः ०-९-०-० र ०-१-०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**ख.** कृष्ण प्रसाद धितालको छोरी, पदम प्रसाद न्यौपानेको बुहारी, सेतु प्रसाद न्यौपानेको पत्नी, चितवन जिल्ला, चैनपुर गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ४ बस्ने **मिठूमाया न्यौपाने**को नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, चैनपुर गा.वि.स./न.पा., वडा नं. १/क स्थित कि.न. ८७२ को क्षेत्रफल ०-८-१४-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

Economic National Daily
आर्थिक
राष्ट्रिय दैनिक

## सम्पादकीय


# मन्त्रिपरिषद्को निर्णयमा कर्मचारीको प्रश्न

यतिबेला संसद्मा भ्रष्टाचारसम्बन्धी कानुन विचाराधीन अवस्थामा छ । समितिबाट पारित भएर आएअनुसार त्यसमा मन्त्रिपरिषद्बाट हुने निर्णयका बारे के गर्ने भनेर एकप्रकारले किटानी नै गरेको छ । यो नीतिगत निर्णयको सन्दर्भ हो । तर यो विधेयक संसद्मा प्रवेश गर्न नै पाएको छैन । मन्त्रिपरिषद्लाई पनि हस्तक्षेप गर्न खोजेको भन्ने एकथरीको आरोप छ । खासगरी पछिल्लो केही समयदेखि मन्त्रिपरिषद्ले गरेका निर्णयहरु कतै भ्रष्टाचारका स्रोत बन्दै गएका त छैनन् ? भन्ने प्रश्न उठ्नेगरेका छन् । यही बेला कानुनमा मन्त्रिपरिषद्ले गरेका निर्णयका बारेमा के गर्ने भनेर छलफल चलिरहेकै बेला अख्तियारले मन्त्रिपरिषद्बाट भएको एउटा निर्णयलाई आधार बनाएर विशेष अदालतमा हालेको भ्रष्टाचारसम्बन्धी एउटा मुद्दामा यस्तो निर्णयकर्ता एक पूर्वप्रधानमन्त्री ३५ लाख धरौटी मागेर विशेष अदालतले तारिखमा छाडेको अवस्था छ । पतञ्जली जग्गा हिनामिना प्रकरणमा राज्यलाई १८ करोड ५८ लाख ५० हजार रूपैयाँ नोक्सान परेको भनेर बिगोदाबी भएकोमा यो धरौटी मागिएको हो ।

मन्त्रिपरिषद्को यो निर्णय कस्तो थियो भने त्यसबेला स्वयम् विभागीय अधिकृतले कार्यान्वयन गर्न मानेनन् । पछि उनलाई त्यहाँबाट सरूवा गरेर अर्को व्यक्ति ल्याइएपछि मात्र यो निर्णय कार्यान्वयनमा आएको विवरणहरूले बताउँछन् । यो पक्षले पनि विषयलाई झनै गम्भीर बनाएको हुनुपर्छ । मन्त्रिपरिषद्ले निर्णय गरे पनि त्यसको कार्यान्वयन त कर्मचारीले नै गर्ने हुन् । प्रश्न सोध्ने ती कर्मचारी तत्कालीन भूमि सुधार विभागका महानिर्देशक हुन् । उनले आफू मातहतका कर्मचारीलाई पनि यसरी नै निर्देशन गर्नुपर्ने हुन्छ । सार्वजनिक भएका ती कर्मचारीका यो निर्णयबारेका प्रश्न यस्ता थिए- पतञ्जली योगपीठ तथा आयूर्वेद कम्पनीलाई कुन र के कार्यनीति अपनाई साबिकको सट्टा अन्यत्र जग्गा खरिद गर्न दिइएको स्वीकृतिलाई कार्यान्वयन गर्ने/गराउने हो ? सोको कानुनी आधार खुल्न आएन । त्यस्तै बिक्री हुने जग्गाबाट प्राप्त रकमबराबरको जग्गा भन्नाले कति रकम र कति जग्गा हुने हो ? साबिकको जग्गा कति रकममा बिक्री हुन्छ ? कसरी यकिन गर्ने हो ? र साथै २०६६ माघ १८ को विधेयक समितिको निर्णयको अधीनमा रही भन्ने बेहोरा प्राप्त पत्रमा लेखिएकोमा सो निर्णयको बेहोरा जानकारी भएमा तदनुसार काम अगाडि बढाउन उपयुक्त हुने भएकाले उल्लिखित सबै विषयमा निर्देशन पाउन अनुरोध गरिन्छ ।

यो मुद्दा अदालतमा प्रवेश गरिसकेको हुँदा त्यहाँबाट कस्तो फैसला हुन्छ भन्ने छँदै छ । अख्तियारले यो प्रकरणमा पूर्वप्रधानमन्त्रीसहित ९३ जनाविरूद्ध मुद्दा दायर गरेको हो । जब मातहतका कर्मचारी जसले यस्तो निर्णयलाई कार्यान्वयनमा लान कुन र के कार्यनीति अपनाई साबिकको सट्टा अन्यत्र जग्गा खरिद गर्न दिइएको स्वीकृतिलाई कार्यान्वयन गर्ने/गराउने हो, सोको कानुनी आधार खुल्न आएन भनेर आफूभन्दा माथिल्लो तहमा पत्राचार गर्नुपर्ने अवस्था आयो भने यो निर्णय सहज र स्वाभाविक प्रक्रियाअन्तर्गतको होइनरहेछ भन्ने बुझ्नुपर्ने हुन्छ । यो निर्णयमा पहिले हदबन्दीको जग्गा खरिद गर्न अनुमति दिइयो र लगत्तै त्यसलाई पनि बेचबिखन गर्न अनुमति दिइँदा राज्यलाई १८ करोड ५८ लाख ५० हजार रूपैयाँ नोक्सान परेको देखिएको दाबी छ । यसको कानुनी निरूपण होला नै तर मन्त्रिपरिषद्ले के-कस्ता निर्णय गर्दोरहेछ भन्ने यो एउटा उदाहरण हुनुपर्छ । नयाँ कानुन बन्दै गर्दा संसद्ले यो पक्षबाट पनि हेरोस् । त्यसो किन पनि भने निकाय त्यही हो र निर्णयकर्ता पनि करिब-करिब उही नै छन् ।

अर्थ



वित्तीय शब्दकोष

ऋषिलाल श्रेष्ठ

**Compensatory Fiscal Policy (पुरस्कार व्यवस्थापन)**

देशको राष्ट्रिय आय र रोजगारीमा हुने उतारचढावलाई मिलाउन अपनाउने सरकारको आर्थिक व्यवस्थापन नीति । सापोनापो आर्थिक नीतिमा देशले आर्थिक नीतिको रूपमा प्रयोग गर्ने घाटा र बचत बजेटलाई मिलाएर देशको आय र रोजगारीलाई उच्चतम बिन्दुमा पुऱ्याउने प्रयास गर्दछ । देशमा आर्थिक मन्त्री हुने अवस्थामा सरकारले आफ्नो तर्फबाट खर्च बढी गरी निजी क्षेत्रबाट खरिद गर्ने र कर घटाउने तथा बढी कर छुट दिई चाहेअनुसार आय र रोजगारी कायम राख्ने नीति लिइन्छ । यस्तै गरी निजी क्षेत्रमा बढी मुद्रा भई मुद्रा प्रवाह बढी भएको अवस्था देशको नीतिअनुसार आय र रोजगारी कायम राख्न सरकारले कम खर्च गर्ने वा करको दर वृद्धि गर्नेमध्ये एक वा दुवै नीति लागू गर्ने गर्दछ ।

# नेपालको शिक्षा कतातिर ?



● रविन्द्र घिमिरे ●

> *शिक्षा यस्तो होस् जसले चाहिएको जनशक्ति उत्पादन गरोस् र रोजगारीमा टेवा पुगोस् । नेपाल कृषि प्रधान देश हो । साथै जलस्रोतको धनी राष्ट्र हो र प्राकृतिकरूपमा पनि अत्यन्तै सुन्दर राष्ट्र हो । त्यसैले रोजगारी दिनेखालको शिक्षा जस्तैः कृषि शिक्षा, पर्यटन शिक्षा, बिजुलीसम्बन्धी शिक्षा, सूचना प्रविधिसम्बन्धी शिक्षा, भौगोलिक शिक्षाको साथसाथै विज्ञानलगायत मेडिकल शिक्षाले गर्दा स्वरोजगार र उद्यमशीलता, प्रविधिमा समेत उच्च विकास गर्न मद्दत पुग्थ्यो ।*

नेपालमा हालै नतिजा प्रकाशित एसईई परीक्षामा सहभागी भएका कुल परीक्षार्थी चार लाख ३८ हजार आठ सय ९६ मध्ये दुई लाख ७१ हजार दुई सय ९९ जना अर्थात् ६१ दशमलव ८१ प्रतिशत पास भए, जसमा अघिल्लो वर्षभन्दा धेरै विद्यार्थी पास भएको भन्ने आँकडा देखियो । देश विकास गर्न शिक्षित अनि युवाको आवश्यकता पर्छ, जुन विगत धेरै वर्षअघिको डेटा हेर्ने हो भने यो पढ्नेको संख्या उल्लेख्यरूपमा बढेको देखिन्छ र पास प्रतिशत पनि बढेको हुँदा यो खुसीको विषय हो । जतिजति देशमा शिक्षित मानिसहरूको उदय भयो, त्यत्तिकै विकासको ढोका खोल्न शिक्षित जनशक्तिले उल्लेखनीय योगदान दिन थालेको पाइन्छ ।

यो वर्ष नन-ग्रेडेडको संख्या एक लाख ६७ हजार पाँच सय ९७ रहेको छ । ती विद्यार्थीलाई पनि ग्रेड नपाएको भन्न मिल्दैन । सायद तिनीहरु अब कति अर्को परीक्षामा पास हुनेछन् त कति त विविध बाध्यताले पढाइ नै छोडिदिने अवस्था आउँछ । नन-ग्रेड आउने र पछि पास हुन नसक्नेहरूलाई पनि केही प्रायोगिक विषयहरु पढाउन पाउने व्यवस्था गरिएको भए तिनीहरूले पनि केही गर्न सक्ने थिए । यसलाई पनि विचार गर्नु जरूरी छ ।

अब कुरा आउँछ जो विद्यार्थी पास भए तिनीहरूको आगामी कदम के हुनेछ ? त्यो विद्यार्थी भाइबहिनीहरूले आफ्नो आगामी कदम कसरी अगाडि बढाउँछन् भन्ने कुरा महत्वपूर्ण विषय बन्न आउँछ । यसको लागि राज्यस्तरबाट अध्ययन अनुसन्धान गर्नु, कुन विषय पढ्ने भनेर जानकारी दिन सक्नु, त्यो विषय पढाई गरी भोलि दक्ष जनशक्ति उत्पादन गरी देश विकासमा लगाउन सक्नु नै आजको चुनौती हो । साथै जो नन-ग्रेड आएको विद्यार्थी छन् ती भाइबहिनीहरूको पनि विस्तृत अध्ययन गरी किन नन-ग्रेड आयो, कुन-कुन विषयले उनीहरूलाई नन-ग्रेड आउन बाध्य गरायो, के उनीहरूले आफूले सक्ने विषय पढ्यो भने अझै अगाडि बढ्न सक्छन् कि वा उनीहरूलाई विशेष खालको व्यावसायिक पाठ्यक्रम तथा तालिम दिन सकिन्छ कि भन्ने अध्ययन गर्नु जरूरी छ । नेपालको शिक्षा हेर्ने हो भने यसको खाल्डो पनि उत्तिकै गहिरो देखिन्छ । अहिलेको नतिजा हेर्ने हो भने कतिपय सरकारी विद्यालयहरूले पनि अत्यन्तै उत्कृष्ट नतिजा ल्याएको देखिन्छ भने सहरका अत्यन्त महँगा विद्यालयहरूले पनि औसत अंक ल्याएको देखिन्छ । नेपालका ठूला विद्यालयहरूमा धनीको पहुँच छ र अत्यन्तै धेरै विद्यार्थी छन् । तथापि अत्यधिक महँगो शुल्क छ । भन्न त ठूला भनिएका विद्यालयहरूले पैसा लिएको अनुसार सुविधा दिएका छन् भनिए पनि औसत खालका अंग्रेजी विद्यालयहरूले जसले थोरै शुल्क लिएर अत्यन्तै राम्रो वा भनौं औसत शुल्कमै उत्कृष्ट सुविधा दिइरहेका पनि नाफामै छन् त कतिपय विद्यालयले त्यहीअनुसारको सुविधा नदिई अत्यन्त महँगो शुल्क लिइरहेका छन् ।

न ती विद्यालयहरूले गरिब तथा जेहेन्दार, पछाडि परेका वर्ग, अपाङ्गतालाई सेवा वा भनौं छात्रवृत्ति दिएका छन् न त स्थानीय विद्यार्थीलाई सेवा पुऱ्याएका छन् । कतिपय विद्यालय त नाफामुखी मात्र देखिन्छन् र पहुँचको आधारमा चलाइएका छन् । साथै सहरी र ग्रामीण विद्यालयबीच शिक्षाको गुणस्तरमा ठूलो अन्तर छ, सिकाइको अन्तर छ । कतिपय निजी तथा सरकारी र सामुदायिक विद्यालयहरूमा राम्रो शिक्षा दिइए पनि कतिपय सरकारी विद्यालयहरु अझै पनि आधारभूत सुविधाबाट वञ्चित नै छन् । वास्तवमा नेपालमा आफ्नो कम्युनिटीको विद्यालयमै विद्यार्थी भर्ना गर्नुपर्ने, सबै विद्यालयहरूको उस्तै नियम हुनुपर्ने, आधारभूत कुरा सबै विद्यालयमा हुनुपर्ने हो तर कुनै विद्यालय पाँचतारे होटलजस्ता त कुनै विद्यालय चुहिने छाना र हिलाम्मे मैदानमा बसी पढ्न बाध्य हुने खालका पनि छन् । त्यसैले हामीले सबै विद्यार्थीबाट उस्तै आशा राख्नु गलत साबित हुनेछ ।

पैसा र पहुँच हुने महँगा विद्यालयमा पढ्छन् त पैसा नहुने सुविधाविहीन विद्यालय, जहाँ मास्टर पनि गाह्रोले पाइन्छन्, त्यस्तो ठाउँमा पढ्न बाध्य छन् । त्यस्तै भनौं पछाडि परेका वर्ग र भौगोलिक दृष्टिकोणले दुर्गम ठाउँका विद्यार्थीहरूलाई पढ्न जानु र आउनु गाह्रो, खोला तर्नु गाह्रो, घण्टौं हिँडेर विद्यालय जानुपर्ने बाध्यता र काम गरी-गरी पढ्नुपर्ने बाध्यता छ । साथै, कतिले त बेसहारा हुँदा, कसैले पढाउन नसक्दा पढाइबाट वञ्चित समेत हुनुपर्ने अवस्था छ ।

त्यसैले अहिले पनि विपन्न वर्ग, दलित, जनजाति र दुर्गम क्षेत्रका बालबालिकाहरु शिक्षाबाट वञ्चित छन् र प्रारम्भिक शिक्षा सिकाइको माध्यमबाट नहुने र रट्टा मार्नुपर्ने बाध्यता, ठाउँको विकटता र 'पढेर के हुन्छ ?' भन्ने मानसिकताको विकास नहुँदाको अवस्था आज पनि नेपालमा सबै वर्गले, सबै जातिले र अपाङ्गता भएका व्यक्तिले पढाइबाट वञ्चित हुनुपरेको छ जुन कुरा आजको समाजमा अपरिहार्य छ तर वञ्चित छन् । साथै अपाङ्मैत्री विद्यालयको व्यवस्था नहुनु, यातायातको सुविधा नहुनु, भौगोलिक विकटताले गर्दा पनि समान शिक्षा र अवसर पाएका छैनन् । यी सबै कुराहरु त शिक्षा पाउने, नपाउने तथा कसरी सबैलाई शिक्षा भन्ने नारालाई दिनुपर्ने र समान शिक्षा कसरी हुनसक्छ भन्ने तर्कहरु हुन् । यद्यपि भौगोलिक विकटता, विपन्नता र अभावमै भए पनि पढेर अगाडि जान चाहनेहरूलाई कस्तो खालको शिक्षा दिन जरूरी छ भन्ने बहस चलाउनु आजको आवश्यकता हो ।

हामी पढ्छौं, तर के यो पढाइ सबै व्यवहारमा उतार्न सक्ने खालको पढाइ हो त ? हामी जुन विषय पढ्छौं त्यो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मान्यता वा भनौं यसको आवश्यकताअनुसार हो त ? वा हामीले पढेका कुराहरूले अबको ५ वा १० वर्षमा केही उपलब्धि दिन सक्छ त ? घरमा बुबाआमाले पनि त्यही पढ भन्छन् र छोरा-छोरी पनि बाध्य भएर चाहे वा नचाहेको कुरा तथा चाहिने नचाहिने विषय पढिरहेका पो छन् कि ? यसको विश्लेषण हुनु जरूरी छ । कलेजले पनि सामान्य विषय नपढाउने, राज्यले विश्लेषण नगर्ने र विद्यार्थीहरूले पनि सधैं त्यही पुरानै ढर्रामा पढायो भने हाम्रो शिक्षा कता जाँदैछ भन्ने प्रश्न उठ्दछ ।

अहिले हामीले पढेका धेरै कुरा व्यवहारमा प्रयोग नहुने खालका पनि छन् र कति विषयहरु त चाहिनेभन्दा धेरै विद्यार्थीले पढेका छन् । यसको लेखाजोखा छैन भने कति हामीलाई चाहिने, आजको विश्वलाई चाहिने विषय पढाइ नहुनु र व्यावहारिक शिक्षा र व्यावसायिक शिक्षामा जोड नहुँदा बजारमा दक्ष जनशक्तिको खाँचो सधैं भइरहेको छ ।

अब हामीलाई यस्तो शिक्षा चाहिएको छ, जसले हाम्रो दैनिक जीवनयापन गर्न सजिलो होस् । कति विषयहरु यस्तो अनिवार्य गरियोस्, जसले दुई छाक खाना र हातमा सीप दिन सकोस् । जसमा कृषि शिक्षा, स्वास्थ्य सचेतना शिक्षा, वित्तीय साक्षरता, सामाजिक सद्भाव, वातावरणीय चेतना, नागरिक उत्तरदायित्व, आजको दिनलाई चाहिने प्रविधि शिक्षा र रोजगारीमूलक शिक्षा ।

शिक्षाले नैतिकता सिकाओस्, शिक्षाले सीप सिकाओस्, शिक्षाले देशप्रेम सिकाओस्, शिक्षाले भ्रष्टाचार रोक्न सिकाओस्, शिक्षाले सदाचार, प्रेम सिकाओस्, शिक्षाले इमान्दारितासमेत सिकाओस् । शिक्षाले एकता सिकाओस्, शिक्षाले देशमा केही गर्छु भन्ने जोस जगाओस् र असल मान्छे बन्न सिकाओस् । साथै संसारभर नेपाली शिक्षा प्रतिस्पर्धा गर्न सक्ने होस् ।

शिक्षाले स्वस्थ बनाओस्, अन्ततः शिक्षाले शान्ति ल्याओस् । गुरू गुरूझैं हुन् र विद्यार्थी चेलाझैं । मानसम्मान गर्ने, प्रकृति जोगाउने र असल नेपाली बन्ने शिक्षा आजको आवश्यकता हो । साथै शिक्षा अनुसन्धात्मक होस्, खोज गर्न सिकाउने व्यावहारिक शिक्षा होस् । सिर्जनशीलता र अनुसन्धानविनाको शिक्षाले देशको विकास सम्भव छैन ।

अबको शिक्षा यस्तो हुनुपर्छ जसले विद्यार्थीलाई गहिरो सोच गर्ने खालको, अनुसन्धान र नवप्रवर्तन र क्रान्ति गर्ने खालको बनाओस् । नेपाल एउटा सानो देश भए पनि बहुजातीय, बहुभाषिक र विविध भौगोलिक बनावट भएको हिमाल, तराई र पहाड भएको देश हो । हरेक देशको समुन्नत विकासका लागि शिक्षा अपरिहार्य छ । तर अहिलेको हाम्रो शिक्षा र शिक्षा प्रणाली विद्यार्थी र नेपाली जनताको आवश्यकताअनुसार देशको समृद्धि र आधुनिक युगको मागअनुसारको छैन ।

आजको युग प्रविधिको युग हो । भौगोलिक विकटता भएकोले भूगोलअनुसारको विकास गर्न प्रविधिको शिक्षा पनि नेपालमा आवश्यक छ । नेपालमा राम्रो इन्जिनियरिङको विकास भएको भए भौगोलिक विकटतालाई चिर्दै देशको मुहार फेरिन्थ्यो होला । साथै शिक्षाअनुसारको रोजगारी पनि भएको भए होनहार विद्यार्थी, विदेश जानु सट्टा देशमै केही गरेर खान्थे होला । अनि पढ्न चाहनेलाई पनि शैक्षिक कर्जा सुपथ ब्याजदरमा पाइने भए निम्नवर्गले पनि चाहेको विषय पढ्थे होला ।

विभिन्न ठाउँमा महिला, अपाङ्गता भएका व्यक्ति र विपन्न वर्गलाई शिक्षामा समेट्न पहल भइरहेको छ । तर, अझै पनि वास्तविक व्यक्तिले यसको अवसर पाएको छ वा छैन, न पहुँचको आधारमा छ त्यसको लेखाजोखा छैन र अझै पनि सबै वर्गले समान अवसर पाएका छैनन् ।

पढ्न चाहनेलाई कर्जाको व्यवस्था पूर्णरूपमा आजसम्म पाइएको अवस्था छैन । देशमा स्वरोजगारको शिक्षा दिने र भविष्यको सुनिश्चित हुने हो, उद्योग-धन्दा खुलेर आउने सन्ततीलाई ग्यारेन्टी रूपमा नेपालमै केही गर्न सकिन्छ भन्ने बोध भएमा आजको दिनमा हजारौं विद्यार्थीलाई देशमै रोजगारी दिने सक्षम जनशक्ति विदेश जानबाट जोगाई नेपालमै केही गर्न सकिन्थ्यो । र विदेशिएकाहरूलाई पनि नेपालमा रोजगारीको अवसर पाएमा आफ्नै देशमा सुन फलाउन सकिन्थ्यो र योग्य जनशक्ति कमी हुने खतरा जुनरूपमा बढेको छ त्यो शून्य गर्न सकिन्थ्यो । मेरो आफ्नै धारणाअनुसार विद्यार्थीलाई इतिहास थाहा हुनुपर्छ, भूगोल थाहा हुनुपर्छ र देशको महत्व बोध गराउने शिक्षा हुनुपर्छ । युवालाई पढ्ने वातावरण राम्रो हुनुपर्छ । नयाँ-नयाँ विषयहरु आजको आवश्यकताअनुसार विश्वविद्यालयले खोजी पढाउन थाल्नुपर्छ । प्राविधिक शिक्षामा जोड दिनुपर्छ जसले गर्दा सजिलै पैसा कमाउन सकियोस् । बाहिरी मानिसहरूको आगमनले देशको रोजगारी गुमेको अवस्थामा हामीले नै सक्षम जनशक्तिको उत्पादन बढाउनु पर्दछ । हाल मात्र नभई पहिलेदेखि सरकारले प्राविधिक शिक्षामा जोड त दिएकै थियो, तर पनि आजको दिनमा अझै जोड दिन थालेको छ । सीटीईभीटीअन्तर्गत धेरै प्राविधिक तालिम सञ्चालनमा छन् । तथापि विद्यालयस्तरबाटै जीवन जिउने कलाको अध्यापन गराउनु जरूरी छ । अझै पनि विद्यालयस्तरमै व्यावसायिक शिक्षा खासै पुगेको देखिँदैन । अब कक्षा ११ पढ्दा पनि यी विषयलाई जोड दिइयो वा नन-ग्रेड आउनेलाई पनि तालिम दिन सकियो भने दक्ष जनशक्तिको कमी नआई रोजगारी आफैं सिर्जना गर्न सकिन्छ । साथै प्राविधिक शिक्षा सबैको पहुँचमा हुनुपर्छ । तर शिक्षा क्षेत्र व्यापारिक बनिरहेको छ, अत्यन्तै रूपमा नाफा हेरिरहेका छन् । निजी विद्यालय र विश्वविद्यालयहरूले धेरै शुल्क लिनेगरेका छन्, जसले आर्थिकरूपमा कमजोर वर्गलाई न्यूनतम शिक्षा पाउन पनि कठिन बनाइरहेको छ । हाम्रो भूगोलअनुसार त कोरोना महामारीपछि जस्तो अनलाइन शिक्षा पनि धेरै ठाउँमा दिनुपर्ने हो । त्यसलाई जोड दिँदा, इन्टरनेटको पहुँच गराई पढाइमा केन्द्रको शिक्षा ग्रामीण भेगमा पुग्ने थियो ।

खासमा शिक्षा कस्तो हुनुपर्छ भन्ने बहस चलाउनुको विशेष अर्थ के छ भने नेपालमा शिक्षित बेरोजगारको संख्या हरेक वर्ष बढ्दै गएको छ ।

शिक्षा यस्तो होस् जसले चाहिएको जनशक्ति उत्पादन गरोस् र रोजगारीमा टेवा पुगोस् । नेपाल कृषि प्रधान देश हो । साथै जलस्रोतको धनी राष्ट्र हो र प्राकृतिकरूपमा पनि अत्यन्तै सुन्दर राष्ट्र हो । त्यसैले रोजगारी दिनेखालको शिक्षा जस्तैः कृषि शिक्षा, पर्यटन शिक्षा, बिजुलीसम्बन्धी शिक्षा, सूचना प्रविधिसम्बन्धी शिक्षा, भौगोलिक शिक्षाको साथसाथै विज्ञानलगायत मेडिकल शिक्षाले गर्दा स्वरोजगार र उद्यमशीलता, प्रविधिमा समेत उच्च विकास गर्न मद्दत पुग्थ्यो ।

त्यसैले शिक्षा यस्तो होस्, जसको सीपले गर्दा रोजगारीको सिर्जना होस् । तर यसको आलवा, नेपालको शिक्षा कतिपय त रट्टा मार्ने र मार्क्स ल्याउन मात्र पढ्ने र डिग्री लिन मात्र पढ्नेजस्तो शिक्षाले नवप्रवर्तन पनि गर्दैन र सोच्ने शक्ति बढाउँदैन, साथै अनुसन्धानात्मक ज्ञान पनि दिँदैन । यसले विश्व समुदायमा हाम्रा शिक्षित व्यक्तित्वलाई पनि प्रतिस्पर्धामा उत्रन सक्दैन । त्यसैले पढाइ केवल याद गर्ने र कण्ठ गर्ने साथै मार्क्स मात्र ल्याउने खालको हुनु हुँदैन ।

अहिलेको युग डिजिटल युग हो । त्यसैले थ्योरीभन्दा पनि प्रायोगिक शिक्षा हुनु अनिवार्य छ । प्रत्येक विद्यालयमा इन्टरनेटको सुविधा बनाई नयाँ युगमा प्रवेश गर्नु जरूरी छ । सूचना प्रविधिलाई अगाडि बढाई हरेक क्षेत्र स्मार्ट बनाउनु जरूरी छ । चाहे मेडिकल शिक्षा होस् वा अन्य क्षेत्र, सबै शिक्षालाई स्मार्ट तरिकाले पढाइनु पर्छ ।

सिकाइलाई जोड दिनुपर्छ, खोज तथा अनुसन्धनात्मक शिक्षा हुनुपर्छ । अबको शिक्षा यस्तो होस्, जसले हरेक व्यक्तिलाई कर्म गर्न सिकाओस्, देशमै केही गर्न सक्ने र देशको लागि योगदान दिने खालको होस् । साथै विदेशी डिग्रीलाई पनि माथ गर्ने खालको होस् ।

नेपाल पुरातात्विक सम्पदाले पनि भरिपूर्ण देश हो तर यहाँको पुरानो शैली, पौराणिक कलाको ज्ञान दिने शिक्षा पनि खासै देखिँदैन । नेपालको पुरातात्विक कला हाम्रो संस्कृतिको एक अभिन्न गहना हो ।

यो कलारूपी गहनाले नेपालको कला र कौशल झल्काएको छ । नेपालको कलाकृति अतीतको स्मृति र हाम्रो गर्व गर्ने पाटोहरु हुन्, यसले हाम्रो कलाको उदाहरण दिइरहेको छ । तर यस्ता कलाको संरक्षण गर्ने खालको शिक्षा, इतिहासको ज्ञान गराई संरक्षण गर्नु हाम्रो सबैको जिम्मेवारी हो ।

यसको लागि हाम्रो कतिपय शिक्षा त धातुकला, काष्टकला, मूर्तिकला, चित्रकला, पगोडा शैलीका कलाहरु, धातुकला र माटोका कलाहरूको शिक्षाजस्ता शिक्षालाई पनि प्राथमिकतामा राख्न पाए नेपालीले आफ्नै पहिचान जोगाउँथे र भावी पुस्ताले पनि आफ्नो पहिचान बुझ्न पाउँथे र यसबाट गर्व अनुभव गर्न पनि पाउँथे ।

त्यसैले सीप, सोच, सदाचरिता, कर्तव्यनिष्ठता भएको शिक्षाले वैज्ञानिक ढंगको अनुसन्धनात्मक शिक्षा हुनुपर्छ, जसले गर्दा देशको पहिचान जोगिनुका साथै नवीनतम प्रविधिमा पनि जान सकिन्छ ।

त्यसैले भूगोल र नेपाल सुहाउँदो शिक्षा आजको आवश्यकता हो । कतिपय लह-लहैको शिक्षाले देशको पैसा पनि बाहिर जाने र त्यो शिक्षा डिग्री हासिल गर्ने खालको मात्र नहोस् । त्यसैले देशको आवश्यकता र विश्वको शिक्षाको प्रवृत्तिअनुसारको शिक्षा प्रणालीले मात्र नेपाललाई समुन्नत राष्ट्र बनाउनेमा मद्दत गर्छ । त्यसैले अबको शिक्षाको डिग्रीले मानिसको कामको गति र दिशा तय गरोस्, भावी योजना तय गरोस् ।

# सामाजिक न्याय तथा समानतामा शिक्षाको भूमिका



● गम्भीर बहादुर हाडा ●

> *जुनसुकै नयाँ निर्माण गरिएका सामग्रीको प्रयोग र परीक्षणपश्चात् मात्र व्यापक प्रचारप्रसार गरी शैक्षिक निकायमा वितरणको व्यवस्था गरिनुपर्दछ ।*

दुईवटा शब्द मिलेर बनेको सामाजिक न्यायले सहकार्य, सहअस्तित्व र समानताका आधारमा समाजका अन्य सदस्यहरूसँग सामूहिकरूपमा मिलेर बाँच्ने इङ्गित गर्दछ । न्याय एक मूल्य हो । न्यायको सर्वस्वीकार्य एवं आधिकारिक परिभाषा पाउन सकिँदैन प्लेटोले जसको जे चिज हो उसैलाई फर्काइदिनु वा प्रदान गर्नु (Giving to each what he or she is due) नै सामाजिक न्याय हो भनेका छन् । सामान्यरूपमा भन्नुपर्दा मानिसहरूलाई ठीक र बेठिक छुट्याउनका लागि मार्गदर्शन गर्ने विश्वव्यापी सिद्धान्तहरूको समग्र रूपलाई न्याय भन्न सकिन्छ । यी दुई शब्दलाई समायोजन गरी हेर्दा समाजका सदस्यहरूको सहकार्य, सहअस्तित्व र समानताका आधारमा सामाजिक कार्यलाई ठीक वा बेठीक भनी छुट्याउनुलाई सामाजिक न्याय भन्न सकिन्छ । यस परिभाषाले सामाजिक न्यायको मर्मलाई पूर्णरूपमा आत्मसात् गर्न भने सक्दैन ।

नेपालको संविधान २०७२ को प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने संकल्प गरिएको, मौलिक हकअन्तर्गत समानताको हक, न्यायसम्बन्धी हक, यातनाविरूद्धको हक, छुवाछुत र भेदभावविरूद्धको हक, खाद्यसम्बन्धी हक, महिलाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हकजस्ता हकको व्यवस्था गरिएको छ । राज्यको नीतिहरुअन्तर्गत धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिहरु उल्लेख गरिएको, सामाजिकरूपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारु, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडिएको वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने व्यवस्था गरिएको छ ।

शैक्षिक समान अवसर र निष्पक्षताका लागि निम्न सामाजिक नीति अङ्गाल्नुपर्ने हुन्छ ।

(१) मानवीय अधिकारको रूपमा शिक्षाको अवसर : मानव भएर जन्मेपछि प्रत्येक व्यक्तिलाई शिक्षा पाउनै पर्ने प्रवृत्तिले प्रेरित भएर शिक्षाको न्यायपूर्ण विवरण नै शिक्षाको मानवीय अधिकारका रूपमा प्रयोग हो ।

(२) मानवीय सम्पत्तिको रूपमा शिक्षाको अवसर यूनेस्को तथा विश्वका विविध संघसंस्थाहरूका अनुसार शिक्षा भनेको मानिस मात्रको साझा सम्पत्ति हो । यस सम्पत्तिको आर्जन निष्पक्षता र न्यायपूर्ण आधारमा गरिनुपर्दछ ।

(३) आम्दानी र पेसाको रूपमा शिक्षाको अवसर संसारमै जुन व्यक्तिले राम्रो शिक्षा प्राप्त गरेको छ । उसले राम्रो आम्दानी र पेसासँगको नजिक सम्बन्ध भएको मानिन्छ किनभने शिक्षाले जीवनमा आम्दानी र पेसाको विकासमा सहयोग गर्दै सामाजिक परिवर्तनमा प्रभावकारी भूमिका खेलेको पाइन्छ । अतः शिक्षाको समान अवसर भनेको निष्पक्षता र समानताका लागि शिक्षा आम्दानी र पेसाको स्रोत हो, पक्ष हो भन्ने कुरालाई बुझी यसलाई सामाजिक नीतिमा अङ्गीकार गराउनुपर्दछ ।

(४) शिक्षाको अवसर मानवीय स्रोत विकासको रूप : समाजको सबैभन्दा ठूलो स्रोतका रूपमा मानवीय स्रोतलाई मानिन्छ । समाजमा मानवीय स्रोत विकासका रूपमा शिक्षालाई कार्यान्वयनमा ल्याइन्छ । यस प्रकारले मानवीय स्रोतको विकासका रूपमा सामाजिक नीति न्यायपूर्ण र निष्पक्षता राख्नुपर्दछ, जसले गर्दा सबै जातजाति, वर्गको अवसर प्राप्त गर्न सकून् ।

राष्ट्रिय जनगणना २०७८ को मुख्य नतिजामा उल्लेख गरिएअनुसार देशका पाँच वर्ष वा सोभन्दा बढी उमेरका कुल जनसंख्यामा साक्षरता दर ७६.२ प्रतिशत रहेको छ । पुरूषको साक्षरता दर ८३.६ प्रतिशत छ भने महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहेको छ । अघिल्लो अर्थात् २०६८ को जनगणनामा कुल साक्षरता दर ६५.९ प्रतिशत, पुरूषको साक्षरता दर ७५.१ प्रतिशत र महिलाको साक्षरता दर ५७.४ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लेख गरिए अनुसार यस आर्थिक वर्षमा आफ्नो भविष्य आफैं निर्माण गर्न सक्ने क्षमतावान्, उद्यमशील र उत्पादक मानव पुँजीको विकास गरिनुको साथै शिक्षा प्रणालीलाई आधुनिक र प्रविधिमैत्री बनाउने कार्यक्रम राखिएको छ । प्रत्येक जिल्लामा कम्तीमा एक विद्यालय पर्नेगरी एक सय विद्यालयमा शैक्षिक नतिजामा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनुका साथै यस्ता विद्यालयले अन्य विद्यालयको नतिजा सुधारका लागि सहयोग गर्ने व्यवस्था मिलाइने कार्यक्रम राखिएको छ । यस कार्यक्रमका लागि प्रतिविद्यालय २५ लाख रूपैयाँ प्रदान गरिने उल्लेख छ । शिक्षक र विद्यार्थी संख्या तथा भौगोलिक दूरी र यातायात सुविधाका आधारमा विद्यालयको पुनः नक्सांकन गरिनुका साथै नक्सांकनका आधारमा विद्यालय गाभ्ने नीति लिइनुका साथै गाभिएका विद्यालयहरूका लागि प्रोत्साहन अनुदानको व्यवस्था गरिएको पाइन्छ ।

आर्थिक सर्वेक्षण २०८१/८२ मा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा शैक्षिक सत्र २०८१मा आधारभूत तह (कक्षा १-८)को कुल भर्नादर १२४.८ प्रतिशत र माध्यामिक तह (कक्षा ९-१२)को कुल भर्नादर ८०.६ प्रतिशत पुगेको छ । उक्त तहको खुद भर्नादर क्रमशः ९४.१ प्रतिशत र ५५.८ प्रतिशत रहेको छ । चालू आर्थिक वर्ष २०८१/८२ को फागुनसम्ममा मुगु र जुम्ला जिल्ला थप भई साक्षर घोषणा भएका जिल्लाको संख्या ६६ पुगेको छ । हालसम्म कोशी, गण्डकी र बागमती प्रदेश साक्षर प्रदेश घोषणा भएका छन् भने सुदूरपश्चिम र लुम्बिनी प्रदेश साक्षर प्रदेशको रूपमा घोषणाको तयारीमा रहेका छन् ।

वर्तमान सोह्रौं योजना (२०८१/८२-२०८५/८६)मा शिक्षा तथा सामाजिक न्याय तथा समावेशीकरणको विकास कार्यक्रमअन्तर्गत सोह्रौं योजनाले स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण गर्ने उद्देश्य राखेको छ । उक्त उद्देश्य पूरा गर्नका लागि नीतिगत र संस्थागत सुधारलाई निरन्तरता प्रदान गर्ने, भौतिक तथा अन्य शैक्षिक पूर्वाधारको व्यवस्था गर्ने, सबै तहको शिक्षाको पाठ्यक्रम र शैक्षिक कार्यक्रम समसामयिक र व्यावहारिक बनाउने, शैक्षिक प्रणालीको सुदृढीकरण गरी कार्यान्वयन गर्ने, राष्ट्रिय जनशक्ति विकास योजना तर्जुमा गर्ने, शिक्षा र सीपलाई उत्पादन र बजारसँग जोड्ने, गुणस्तरीय र समावेशी शिक्षाका लागि लगानी विस्तार गर्ने, शैक्षिक सुशासन सुनिश्चित गर्नेजस्ता रूपान्तरणकारी रणनीतिहरु लिएको छ । त्यसैगरी शिक्षा र सीपलाई उत्पादन र बजारसँग जोड्नका लागि साक्षरता र सीप विकासलाई जोडी माध्यामिक शिक्षालाई वृत्ति-विकास र उच्च शिक्षलाई उद्यम र रोजगार केन्द्रित बनाउन पढ्दै कमाउँदै र कमाउँदै पढ्दैजस्ता कार्यक्रमलाई जोड दिने, सरकारी, गैरसरकारी, सहकारी र निजी क्षेत्रको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार सिर्जना महाअभियान सञ्चालन गर्ने र अनौपचारिक क्षेत्रमा काम गर्ने कामदारको पूर्वसिकाइको मान्यता विधिलाई प्रभावकारी बनाउने रणनीति लिएको छ । सोह्रौं योजनाले अनौपचारिक शिक्षा आजीवन सिकाइको प्रबन्ध गर्ने प्रमुख कार्यक्रम राखेको छ।

जुनसुकै नयाँ निर्माण गरिएका सामग्रीको प्रयोग र परीक्षणपश्चात् मात्र व्यापक प्रचारप्रसार गरी शैक्षिक निकायमा वितरणको व्यवस्था गरिनुपर्दछ । लोककल्याणकारी राज्यले समाजको मूलधारमा आउन नसक्ने गरिब, दुःखी असहायजस्ता व्यक्तिलाई सम्बन्धित निकायको सिफारिसमा मात्र केही प्रतिशतका दरले पाठ्यपुस्तक/पाठ्यसामग्री निःशुल्क उपलब्ध गर्ने र अरूका लागि न्यूनतम शुल्क वा लागत लिई सर्वत्र एक दरले उपलब्ध हुने व्यवस्था मिलाउने । एक्काइसौं शताब्दी प्रतिस्पर्धाको शताब्दी पनि भएकाले पाठ्यपुस्तक छपाइ र वितरणकै लागि मात्र राज्यले प्रतिदिन लाखौं चुक्ता गर्नेगरी हजारौंको संख्याका कर्मचारीलाई जागिर दिने र राजसी सुविधा उपयोग गराई औंलाको टुप्पामा गन्न सकिने व्यक्तिको स्वार्थसिद्धिका लागि जनक शिक्षाजस्ता निकायलाई एकलौटीरूपमा छाड्न राष्ट्रका लागि सरसर धोका दिनु भएकाले तुरून्तै यस कार्यमा निजी क्षेत्रलाई समावेश गरी गुणस्तरीय र प्रभावकारी सेवा प्राप्तिको अपेक्षा राख्नु सान्दर्भिक ठहर्छ । सकारात्मक विभेदका कार्यतर्फ नीति निर्माणका तहहरूमा विशेष गरेर प्रशासनिक क्षेत्रहरूमा, मनोनयन वा नियुक्ति हुने आयोगहरूमा र स्थानीय निकायहरूमा सबै वर्गको प्रतिनिधित्व गराउन क्षमता अभिवृद्धिका साथै सकारात्मक विभेदको नीति लिनुपर्छ ।

# थाइल्याण्डले पायो दुई दिनमा दोस्रो प्रधानमन्त्री

■ एजेन्सी
बैंकक, असार १९

थाइल्याण्डले दुई दिनमा दोस्रो प्रधानमन्त्री पाएको छ । गृहमन्त्री फुम्थम भेचायचाईले बिहीबार कार्यवाहक प्रधानमन्त्रीको पदभार ग्रहण गरेका छन् । उनले २४ घण्टा प्रधानमन्त्री रहेका सूर्या जंगरूनग्रेङकिटलाई प्रतिस्थापन गरेका हुन् ।

सूर्या जंगरूनग्रेङकिटलाई बुधबार देशको कामचलाउ प्रधानमन्त्री नियुक्त भएका थिए । ७० वर्षीय सूर्याले निलम्बित प्रधानमन्त्री पायिटोङ्टार्न शिनावात्राको स्थान लिएका थिए, जसलाई जुन १ मा पदबाट हटाइएको थियो ।

पतोङ्तारन सिनावात्रामाथि एक वरिष्ठ कम्बोडियाली नेतासँग टेलिफोन वार्ता गरेको आरोप लागेको छ । सो टेलिफोन वार्ता सार्वजनिक भएपछि उनले मन्त्रीस्तरीय नैतिक नियमहरूको उल्लंघन गरेको मानिएको छ ।

थाई सरकारले बिहीबार सामाजिक सञ्जालमा भनेको छ कि नयाँ मन्त्रिपरिषद्को पहिलो बैठकमा फुमथमलाई कार्यवाहक प्रधानमन्त्री नियुक्त गर्न सहमति भएको छ । यो बैठक थाइल्याण्डका राजा महा वजिरालोङकोर्नले नयाँ मन्त्रीहरूलाई शपथग्रहण गराएपछि बसेको थियो ।

कम्बोडियाली नेतासँग प्रधानमन्त्री पियातोङथर्नको कुराकानीको भिडियो लिक भएको थियो । सो भिडियोमा प्रधानमन्त्री पियातोङथर्नले कम्बोडियाली नेता हुन सेनलाई 'काका' भनेर सम्बोधन गर्दै थाई सेना प्रमुखलाई आफ्नो प्रतिद्वन्द्वी भनेकी थिइन् ।

कम्बोडियार र थाइल्याण्डबीच सीमा विवाद चलिरहेको छ । यही विषयलाई लिएर विपक्षी दलले कम्बोडियासामु प्रधानमन्त्री पियातोङथर्न झुकेको र सेनालाई कमजोर बनाएको आरोप लगाएको छ ।

# पोर्चुगलका पूर्वप्रधानमन्त्रीमाथि भ्रष्टाचार मुद्दा

लिस्बन, असार १९ । पोर्चुगलका पूर्वप्रधानमन्त्री जोस सुक्रेट्समाथि भ्रष्टाचार मुद्दा दर्ता भएको छ । सन् २००५ देखि २०११ सम्म देशको नेतृत्व गरेका सुक्रेट्समाथि प्रधानमन्त्री हुँदा तीन करोड ४० लाख युरो (चार करोड अमेरिकी डलर) भन्दा बढी सम्पत्ति आर्जन गरेको आरोप लागेको छ ।

उनीमाथि बाल्यकालका साथीलाई देशको सबैभन्दा ठूलो बैंक र दक्षिणमा रहेको पर्यटन परिसरको एक भवन समूहसँग सम्बन्धित योजनामा प्रयोग गरेको आरोप छ । सुक्रेट्स कानुनी कठिनाइहरूमा फसेका वरिष्ठ राजनीतिज्ञहरूको एक श्रृंखलामा पछिल्लो व्यक्ति हुन् ।

गत वर्ष प्रधानमन्त्री एन्टोनियो कोस्टाले आफ्ना एक मन्त्रीलाई दोषी ठहर गर्दै प्रभाव पार्ने अनुसन्धानमा मुछिएपछि पदबाट राजीनामा दिएका थिए । उनको राजीनामापछि देशले मध्यावधि निर्वाचनको सामना गर्नुपरेको थियो ।

पेड्रो नुनेस सान्तोसले उनलाई समाजवादी पार्टीको नेताको रूपमा स्थान दिएका थिए । उनलाई पहिले नै सन् २०२२ मा सरकारी मन्त्रीपदबाट राजीनामा दिन बाध्य पारिएको थियो ।

सुक्रेट्सलाई पहिलो पटक एक दशकअघि पक्राउ गरिएको थियो र उनले लामो समयदेखि आफूमाथि लागेको आरोपअस्वीकार गर्दै आएक थिए । 'मैले यो मुद्दाविरूद्ध वर्षौंसम्म लडेको छु । म मेरो अधिकारका लागि लडिरहेको छु', उनले बिहीबार अदालतबाहिर पत्रकारसँग भने ।


कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं. १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## कर्जा चुक्ता भुक्तानीको लागि धनजमानतकर्ताहरूको नाममा प्रकाशित ९० दिने सार्वजनिक सूचना

प्रकाशित मिति :२०८२/०३/२०

तपसिलमा उल्लिखित विवरण बमोजिमका ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न शीर्षक अन्तर्गत कर्जा लिई बैंक र ऋणीबीच भएको सहमति अनुसार तोकिएको तालिका बमोजिम कर्जाको सावाँ ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋणी, धितो/धनजमानतकर्ता समेतलाई कर्जा बुझाई नियमित गर्नको लागि पटक पटक लिखित पत्र मार्फत तथा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराउँदा समेत कर्जा नबुझाउनु भएकोले बैंक बाध्य भई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको सम्पत्ति (घर/जग्गा/सवारी साधन) बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी/गैर बैंकिङ सम्पत्तिको रुपमा सकार गरी हिसावमिलान गर्दा बैंकको सम्पूर्ण कर्जा असुल उपर नभएको र उपरोक्त कर्जामा तपाईंहरुले व्यक्तिगत धनजमानी दिनु भएको हुँदा धितो लिलाम बिक्री/गैर बैंकिङ सम्पत्ति सकारबाट असुल उपर नभई बाँकी बक्यौता रहेको कर्जा रकम, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तानको लागि तपाईं धनजमानतकर्ताको नाममा यो नब्बे (९०) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले नब्बे (९०) दिनभित्र यस बैंकमा सम्पर्क राखी बाँकी रहेको सम्पूर्ण कर्जा चुक्ता भुक्तान गरी आफ्नो दायित्वबाट मुक्त हुनुहोला । अन्यथा तपाईं तथा तपाईंहरुको एकाघर सगोलका परिवारका सदस्यको नाममा रहेको घरघरानाको चलअचल सम्पत्तिबाट ऋण असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ । साथै, सूचनाको अवधिभित्र सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकद्वारा जारी कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा तपाईंहरुको नाम कालोसूचीमा समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

| क्रसं | जमानीकर्ताको नाम | ना.प्र.नं./जारी जिल्ला | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | सम्बन्धित ऋणी |
|---|---|---|---|---|---|---|
| १. | प्रमोद कुमार ठाकुर | २०९ (जि.प्र.का. सिरहा) | विल्टु ठाकुर हजाम | सिंहेश्वर ठाकुर हजाम | सिरहा जिल्ला धनगढी वडा नं.०२, हाल धनगढीमाई नगरपालिका वडा नं. १० | **लक्ष्मी ट्रेड एण्ड सप्लायर्स (प्रोप्राइटर : लक्ष्मी ठाकुर)**<br>प्रा.फ.र.नः १२१८०/२०७७/०७८<br>ठेगाना : नैनपुर-५ख, हाल धनगढीमाई नगरपालिका-१० सिरहा<br>जारी गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, सिरहा<br>पान न : ६१३७५८६४०<br>**शाखा कार्यालय : लहान** |
| | सरोज कुमार ठाकुर | १५१०२२/१५०५३ (जि.प्र.का. सिराहा) | विल्टु ठाकुर हजाम | सिंहेश्वर ठाकुर हजाम | सिरहा जिल्ला धनगढी वडा नं.०२, हाल धनगढीमाई नगरपालिका वडा नं.१० | |
| | भुल्लि ठाकुर | २१७१ (जि.प्र.का. गृह मन्त्रालय) | विल्टु ठाकुर हजाम | सिंहेश्वर ठाकुर हजाम | सिरहा जिल्ला पिप्रा नगर/गाउँ पंचायत वडा नं.०३ हाल धनगढीमाई नगरपालिका वडा नं.१० | |
| २. | भरत विश्वकर्मा | १४१४११११ (जि.प्र.का. सिराहा) | जगतलाल कामी | जितमान कामी | सिराहा जिल्ला लालपुर गा.वि.स. वडा नं. ०१ हाल गोलबजार न.पा वडा नं.०६ | **सिद्धार्थ पशु फार्म (प्रोप्राइटर : इन्दीरा कुमारी विश्वकर्मा)**<br>प्रा.फ.नं.घ.उ.सि.: ९६५१/०७५/७६<br>ठेगाना : गोलबजार न.पा -०६, सिरहा<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, लहान (सिरहा)<br>स्थायी लेखा नं.: ६१०७२३५४४<br>**शाखा कार्यालय : महुली** |
| | विभा कुमारी | १५-०१-७६/०८११२ (जि.प्र.का. सिराहा) | नारद विश्वकर्मा | जगतलाल कामी | सिराहा जिल्ला गोलबजार न.पा. वडा नं.०२ हाल गोलबजार न.पा वडा नं.०६ | |
| | सरिता वि.क. | १५१०४४/३५१५ (जि.प्र.का. सिराहा) | श्याम सुन्दर शास्त्री | जगत लाल | सिराहा जिल्ला लालपुर गा.वि.स. वडा नं. ०१ हाल गोलबजार न.पा वडा नं.०६ | |
| | श्याम सुन्दर शास्त्री | १५३०४४-४७९ (जि.प्र.का. सिराहा) | जगत लाल | जितमान कामी | सिराहा जिल्ला लालपुर गा.वि.स. -०१, हाल गोलबजार न.पा वडा नं.०६ | |
| | इन्द्र माया | ०४९५२३३२ (जि.प्र.का. महोत्तरी) | नारायण कामी | जगतलाल कामी | महोत्तरी जिल्ला रामनगर गा.वि.स वडा नं.०२, हाल सिरहा जिल्ला गोलबजार न.पा वडा नं.०६ | |
| | पोकची कमीनी | १९९५ (जि.प्र.का. सिरहा) | जगतलाल कामी | जितमान कामी | सिराहा जिल्ला लालपुर गा.वि.स वडा नं. ०१ हाल गोलबजार न.पा वडा नं.०६ | |
| | जगतलाल कामी | १८७५१४३० (जि.प्र.का. सिराहा) | जितमान कामी | श्रीमान विश्वकर्मा | सिराहा जिल्ला लालपुर गा.वि.स. वडा नं. ०१ हाल गोलबजार न.पा वडा नं.०६ | |
| | नारद विश्वकर्मा | १५-०१-७३-०४३५० (जि.प्र.का. सिराहा) | जगतलाल कामी | जितमान कामी | सिराहा जिल्ला गोलबजार न.पा -०२ हाल गोलबजार न.पा वडा नं. ०६ | |
| ३. | दल बहादुर सिठुङ मगर | ०४१००१/५७५ (जि.प्र.का. झापा) | कुल बहादुर सिठुङ मगर | मान बहादुर सिठुङ मगर | बाहुनडाँगी गा.वि.स. वडा नं. ०४ झापा हाल मेचीनगर न.पा वडा नं. ०२, झापा | **प्युस्का कोल्ड ड्रिंक्स सेन्टर (प्रोप्राइटर : पुष्पा देवी मगर)**<br>प्रा.फ.र.नं. : ६२८/८५६२<br>ठेगाना : बाहुनडाँगी-०४,झापा<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, झापा<br>स्थायी लेखा नं.: ६०१२७४९७८<br>उत्तम सिठुङ<br>कर्जा : ओडी कार्ड कर्जा<br>**शाखा कार्यालय : विर्तामोड** |
| | गंगामाया सिठुङ मगर | ०४१००१/५७४ (जि.प्र.का. झापा) | दल बहादुर सिठुङ मगर | कुल बहादुर सिठुङ मगर | बाहुनडाँगी गा.वि.स.वडा नं.०४ झापा हाल मेचीनगर न.पा वडा नं ०२, झापा | |
| | उत्तम सिठुङ | ०५३११६१३ (जि.प्र.का. झापा) | दल बहादुर सिठुङ मगर | कुल बहादुर सिठुङ मगर | बाहुनडाँगी गा.वि.स. वडा नं.०४ झापा हाल मेचीनगर न.पा. वडा नं.०२, झापा | |
| ४. | दिपक सुनार | ९४११३ (जि.प्र.का. नुवाकोट) | हरिलाल सुनार | तेजबहादुर सुनार | विदुर गा.वि.स. वडा नं. ३, हाल विदुर न.पा वडा नं.२, नुवाकोट (हाल मृत भएको) | **सन्तकुमारी सून चाँदी व्यवसाय उद्योग (प्रोप्राइटर : सन्त कुमारी सुनार)**<br>लघु उद्यम दर्ता नं. : १४८/०७४/७५<br>ठेगाना : विदुर न.पा. वडा नं.२, नुवाकोट ।<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति, विदुर नगर कार्यपालिका उद्योग विकास शाखा, नुवाकोट ।<br>स्थायी लेखा नं. : ६०७४०८४५२<br>**शाखा कार्यालय : गल्छी** |
| | हरिलाल सुनार | १८३१ (जि.प्र.का. नुवाकोट) | तेजबहादुर सुनार | डम्बर बहादुर सुनार | विदुर न.पा वडा नं. ३, नुवाकोट हाल विदुर न.पा वडा नं.२, नुवाकोट | |

## निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

कृष्ण महर्जनको छोरा, बोध कुमारी महर्जनको पति, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १५ बस्दै आउनु भएका श्याम कृष्ण महर्जनको मिति २०८१/१२/०१ मा मृत्यु भएकोले निजको नाउँमा यस विकास बैंकको बचत खाता नं. ००७०१३०००२८४८७००००१ र मुद्दती खाता नं. ००७०२४०००२८४८७००००५ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १५ बस्ने निज मृतकको पत्नी बोध कुमारी महर्जनले निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकममा निज निवेदक बाहेक अन्य कसैको समेत हक लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमका अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो भएको सबुत प्रमाण सहित यस बैंकको शाखा कार्यालय असन, काठमाडौंमा निक्षेप उपर हकदाबी गर्नुहोला । सूचनाको म्याद भित्र प्राप्त नभएका र कानून बमोजिम रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने र म्याद व्यतित भएपछि निवेदन माग बमोजिम भइ जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
केन्द्रिय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल, फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : असन, काठमाडौं, फोन नं. ०१-५३१६२४२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## हकदावीको सूचना

बाग्मती प्रदेश, दोलखा जिल्ला, विगु गा.पा वडा नं ०८ स्थायी बस्ने जय नारायण अधिकारीको नाति, मोहन प्रसाद अधिकारीको छोरा, केशव प्रसाद अधिकारीको मिति २०८१/०४/१४ गतेका दिन काठमाण्डौमा मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं. ०९००५३००००६६२० मा भएको सम्पूर्ण रकम निज केशव प्रसाद अधिकारीको सबैभन्दा नजिकको हकवालाको हैसियतले आफूलाई उपलब्ध गराई पाउँ भनी निजको आमा हेम माया अधिकारीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुदाँ उक्त निक्षेप उपर निवेदक हेम माया अधिकारी बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ समेतको प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदक आमा हेम माया अधिकारीलाई दावी बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB | शाखा कार्यालय, कमलादी II, काठमाण्डौ
फोन नं. : ०१ - ४१६९२५०

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं. १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## यस बैंकको विभिन्न शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना

प्रकाशित मिति :२०८२/०३/२०

| 270 | RMF2 | 9.9 | 10 | 9.9 | 10 | 6020 | 60158 | 10 | 10.73 | 8.5 |
| 271 | MEL | 325 | 330.4 | 320.5 | 322.09 | 67359 | 21862848.7 | 323.26 | 393 | 215.8 |
| 272 | SIGS3 | 10.06 | 10.26 | 10.06 | 10.26 | 4100 | 41948 | 10.22 | 10.96 | 8.28 |
| 273 | ILI | 452 | 464.9 | 447.2 | 457.79 | 56029 | 25548973.2 | 452.12 | 606 | 420 |
| 274 | C30MF | 9.7 | 10.17 | 9.7 | 10.17 | 1200 | 11935 | 9.86 | 10.92 | 8.65 |
| 275 | USHL | 610 | 629.3 | 610 | 622.28 | 1985 | 1220897 | 617.03 | 961 | 545.5 |
| 276 | TSHL | 651 | 690 | 651 | 689.35 | 2072 | 1403591 | 663.69 | 1231 | 542 |
| 277 | KBSH | 1930 | 1967 | 1926.1 | 1930.28 | 653 | 1263148 | 1965 | 3300 | 1415 |
| 278 | LBBLD89 | 1240 | 1240 | 1240 | 1240 | 810 | 1004400 | 1240 | 1270 | 1082 |
| 279 | RNLI | 464.9 | 480 | 455.7 | 479.7 | 203534 | 95893545.9 | 459.5 | 600.1 | 426.2 |
| 280 | SNLI | 496.9 | 511 | 485 | 505.35 | 47137 | 23438795.8 | 487.39 | 744.5 | 452 |
| 281 | BGWT | 910 | 928 | 902 | 922.93 | 2916 | 2667106.1 | 916.9 | 1241 | 857.6 |
| 282 | MSHL | 832.4 | 845 | 823 | 840.06 | 5220 | 4345562.2 | 849.33 | 1180 | 636 |
| 283 | KBLD90 | 1127 | 1127 | 1127 | 1149.5 | 5 | 5747.5 | 1127 | 1324.9 | 1000 |
| 284 | NICGF2 | 8.92 | 8.92 | 8.61 | 8.69 | 2000 | 17390 | 8.75 | 9.79 | 7.92 |
| 285 | SARBTM | 845 | 862 | 845 | 848.5 | 28269 | 24097824.8 | 849.53 | 1060 | 696.8 |
| 286 | CREST | 1362 | 1393.5 | 1349 | 1351.66 | 21303 | 29021076.4 | 1366.25 | 2458.2 | 302.5 |
| 287 | NMBHF2 | 8.82 | 9.16 | 8.5 | 8.69 | 43700 | 390884.5 | 8.65 | 10 | 8.16 |
| 288 | EBLD91 | 1030 | 1040 | 1026 | 1026.5 | 110 | 113225 | 1030 | 1047 | 996 |
| 289 | OMPL | 1375 | 1390 | 1351 | 1363.98 | 20498 | 28171046.2 | 1350.92 | 2167.2 | 270 |
| 290 | MEHL | 430 | 442 | 429 | 435.32 | 15443 | 6731015 | 436.82 | 696 | 337 |
| 291 | ULHC | 466 | 475 | 464 | 468.85 | 27472 | 12849921.7 | 465.93 | 693 | 364 |
| 292 | MANDU | 850.2 | 874 | 850.2 | 860.65 | 5066 | 4377442 | 863.21 | 1493.1 | 805.6 |
| 293 | SONA | 456 | 464.9 | 450.1 | 460.05 | 69497 | 32010459.6 | 455.43 | 624 | 425 |
| 294 | MMKJL | 557.2 | 576 | 555.3 | 571.21 | 5267 | 2986795.9 | 566.56 | 890.4 | 451.8 |
| 295 | TVCL | 535.9 | 535.9 | 514 | 517.38 | 24163 | 12612992 | 529.07 | 697 | 431 |
| 296 | H8020 | 11.12 | 11.4 | 11.12 | 11.21 | 6600 | 73801 | 11.18 | 11.57 | 8.75 |
| 297 | VLUCL | 599 | 611 | 594 | 606.11 | 11920 | 7182297.5 | 599.44 | 816 | 506 |
| 298 | MKCL | 1469 | 1499.9 | 1469 | 1482.35 | 2101 | 3119444.9 | 1485.34 | 1926 | 1230.1 |
| 299 | CKHL | 640 | 663.4 | 630 | 636.5 | 14529 | 9336743.8 | 647.17 | 910 | 581.1 |
| 300 | NWCL | 866.2 | 899 | 866.2 | 894.53 | 5229 | 4650269.3 | 881.64 | 1264 | 835 |
| 301 | HRL | 915 | 915 | 901 | 907.1 | 95369 | 86509007.5 | 905.25 | 1156 | 542 |
| 302 | NABILD87 | 1095 | 1095 | 1095 | 1095 | 25 | 27375 | 1095 | 1118 | 980 |
| 303 | KSY | 9.34 | 9.69 | 8.97 | 9.25 | 9812 | 92784.88 | 9.16 | 10.91 | 8.06 |
| 304 | NIBLSTF | 8.45 | 8.89 | 8.23 | 8.85 | 54841 | 473251.17 | 8.39 | 10.55 | 7.85 |
| 305 | MNMF1 | 9.14 | 9.4 | 9.04 | 9.25 | 5500 | 50736 | 9.32 | 10.42 | 8.67 |
| 306 | GMLI | 2158 | 2160 | 2115 | 2119.31 | 4570 | 9736166.2 | 2158.67 | 2778 | 301 |
| 307 | GSY | 9.18 | 9.66 | 9.18 | 9.66 | 9400 | 87865 | 9.25 | 10 | 8.8 |
| 308 | NMIC | 1560 | 1620 | 1560 | 1585.18 | 17321 | 27655561.9 | 1579.88 | 2703.3 | 302.3 |
| 309 | MBLEF | 8.81 | 9.28 | 8.81 | 9.24 | 11100 | 101491 | 8.98 | 10.19 | 8.59 |
| 310 | PURE | 925.2 | 930 | 915.2 | 924.87 | 16704 | 15447659.5 | 936.3 | 1327.9 | 289.3 |
| 311 | RSY | 9.11 | 9.54 | 8.96 | 9.32 | 9510 | 88000 | 9.11 | 10 | 8.7 |

कुल कारोबार रकम : ९,६४५,५५०,६८०.१७ | कारोबार भएको सेयर सङ्ख्या : २४,९७६,३६६ | कारोबार सङ्ख्या : ९६,४११

# एभरेस्ट र इन्टुजीबीच सम्झौता

■ **आर्थिक संवाददाता**
**काठमाडौं, असार १९**

एभरेस्ट इन्जिनियरिङ कलेज र विदेशी प्रत्यक्ष लगानी (एफडीआई) अन्तर्गत अस्ट्रेलियाका नागरिकहरूको प्रत्यक्ष लगानी र स्वामित्वमा नेपालमा सञ्चालित एआई कम्पनी इन्टुजी प्रालिबीच आपसी सहयोगको सम्झौता भएको छ ।

इन्टुजी र एभरेस्ट इन्जिनियरिङ कलेजबीच लामो समयदेखि आपसी सहयोगका विभिन्न कार्यक्रमहरू हुँदै आएकोमा ती कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउन तथा वैधानिकता दिन औपचारिक सम्झौता भएको हो । सम्झौताअन्तर्गत इन्टुजी प्रालिका कार्यक्रमहरू सञ्चालन गर्न कलेजले भौतिक सुविधाहरू उपलब्ध गराउने र कलेजका विद्यार्थीहरूलाई व्यावहारिक ज्ञान तथा इन्टर्नसिपको अवसर उक्त प्रालिले दिने भएको छ । यस सम्झौताबाट एभरेस्ट इन्जिनियरिङ कलेजका कम्प्युटर, सफ्टवेयर र आईटीका विद्यार्थीहरू प्रत्यक्ष लाभान्वित हुनेछन् । एभरेस्ट इन्जिनियरिङ कलेज र इन्टुजी प्रालिबीचको सम्झौताले कलेजको स्नातक तहमा विद्यार्थीको थप आकर्षण हुने कलेजका प्राचार्य प्राडा हरिकृष्ण श्रेष्ठको विश्वास छ । इन्टुजीका प्रमुख सूचना अधिकारी रितेश शाहले उच्च इन्जिनियरिङ शिक्षा क्षेत्रमा देशकै सर्वोत्कृष्ट कलेजहरूमध्येमा परेको एभरेस्ट इन्जिनियरिङ कलेजसँग सहकार्यको सम्झौता आफ्नो कम्पनीको लागि गौरवको विषय भएको बताए ।

# प्लाटिना मोटरसाइकलको माइलेज च्याम्पियनमा चन्देश्वर सिंह विजयी

काठमाडौ असार १९ । महोत्तरीको बर्दिबासमा रहेको रामजानकी अटोले बिर्ता फुटबल मैदान, गौशालामा प्लाटिना मोटरसाईकलको 'माइलिज च्याम्पियन' कार्यक्रम आयोजना गरेको छ ।

मोटरसाइकलको माइलेज प्रतिस्पर्धामा कुल ६५ सहभागीहरूले आ-आफ्नो दक्षता प्रस्तुत गरेका थिए । यस प्रतिस्पर्धामा चन्देश्वर सिंहले ८९ किलोमिटरको उत्कृष्ट माइलेज हासिल गरी विजेता बन्न सफल भएका छन् ।

---

## कानेपोखरी–लेटाङ सरकारद्वारा व्यवस्थित वनको वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण माथी सार्वजनिक सूनुवाईको लागि आव्हान गरिएको सूचना

**प्रकाशित मितिः २०८२।०३।२० गते**

मोरङ जिल्लाको कानेपोखरी गा.पा. वडा नं.-७ र लेटाङ न.पा. वडा नं.-३, ४ र ५ मा डिभिजन वन कार्यालय, मोरङले कानेपोखरी-लेटाङ सरकारद्वारा व्यवस्थित वनको वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन कार्यको प्रस्ताव गरिएको छ । कोशी प्रदेशको प्रदेश वातावरण संरक्षण ऐन २०७६ अनुसार यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रासायनिक पक्ष, साँस्कृतिक पक्ष र आर्थिक पक्षहरूमा पर्ने प्रभाव यकिन गर्न तयार गर्न लागिएको प्रतिवेदन बारे राय सुझाव संकलन गर्नुपर्ने भएकोले स्थानिय जनता, संघ संस्थाका प्रतिनिधिहरु तथा सरोकारवालाहरु र प्रस्तावक निकायको प्रतिनिधिहरूको बीच सार्वजनिक सूनुवाई कार्यक्रमको आयोजना गरिएकोले निम्न मिति, समय, स्थानमा सम्बन्धित सबै सरोकारवाला महानुभावहरुको सहभागिताको लागि अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई हुने मिति, स्थान र समय**
**मिति** : २०८२-०३-२८
**स्थान** : कानेपोखरी सबडिभिजन वन कार्यालय
**समय** : बिहान १२:३० बजे
**आयोजक** : डिभिजन वन कार्यालय, मोरङ
**परामर्शदाताको नाम र ठेगाना** : राजदेवी ईन्जिनियरिङ्ग एण्ड कन्सल्टेन्ट प्रा.लि. शंखमुल काठमाडौं

---

**कामना सेवा विकास बैंक लि.**
Kamana Sewa Bikas Bank Ltd.

**केन्द्रीय कार्यालयः** ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं. १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## एटिएम प्रयोग गरी रकम भुक्तानी लिने क्रममा भुक्तानी नभएको तर खातामा घटेको रकम दावी गर्न आउने सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०१/२० (सौर्य राष्ट्रिय दैनिक)

यस विकास बैंकका ग्राहक महानुभावहरुले अन्य बैंक तथा वित्तीय संस्थाको एटिएम प्रयोग गरी रकम भुक्तानी लिने क्रममा तथा अन्य व्यक्तिहरुले यस बैंकको एटिएम प्रयोग गरी रकम भुक्तानी लिने क्रममा खाताबाट रकम काटिएको तर नगद प्राप्त नभएको केही रकम बक्यौता रहेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा आवश्यक प्रमाण सहित यस विकास बैंकको पायक पर्ने शाखामा गई भुक्तानी दावी पेश गर्नुहोला । अन्यथा नियम अनुसार हुनेछ ।

---

## ग्लोबल आइएमई बैंक लिमिटेडको निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको न्यूरोड शाखामा चल्ती खाता खोली कारोबार गर्दै आउनु भएका ट्रेड विंग्स कम्पनीका प्रोप्राइटर चिरञ्जी लाल तुलसीयनको मिति २०७५-११-०१ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको पत्नी कौशल्या देवी तुलसीयनबाट मिति २०८२-०३-१२ मा निवेदन प्राप्त भएको छ । उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक

न्यूरोड शाखा
फोन नं.: ०१-५९०१२१९
**ग्लोबल कनेक्टः ०१-५९७०६००**

---

## निक्षेपउपर हकदावीगर्ने सम्बन्धी ३५ दिने सूचना

मन बहादुर दर्जीको नाति, सुरे दर्जीको छोरा, गुमा दमिनीको पति, कपिलवस्तु जिल्ला, बाणगंगा न.पा. वडा नं. ०८ (साविक मोतिपुर गा.वि.स. वडा नं. ०६) बस्ने, यस बैंकको विजयनगर शाखाका खातावाला पुर्ण बहादुर दर्जीको मिति २०८२/०१/२५ मा मृत्यु भएकाले यस बैंकमा रहेको निज को बचत खाता नं. १४१०१०९४७६३०००१९ मा भएको रकम पाउँ भनी निज खातावालाको छोरा, कपिलवस्तु जिल्ला, विजयनगर गाउँपालिका वडा नं. ०५ (साविक खुरहुरिया गा.वि.स. वडा नं. ०५) बस्ने, ठग बहादुर दर्जीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११(२) बमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न हुनका लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**शाखा कार्यालय : विजयनगर**
**फोन नं. ९८५७०३५७२७**

---

## सूचि दर्ता गर्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८२/०३/२०**

यस संघले आगामी १ वर्ष (आ.व. २०८२/०८३) को लागि आवश्यक पर्ने देहायका वस्तु तथा सेवाहरु उपलब्ध गराउने प्रयोजनका लागि सम्बन्धित वस्तु तथा सेवाको कारोबार गर्ने फर्म/कम्पनीहरुको सूची तयार गराउनुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक रजिष्टर्ड फर्म/कम्पनीलाई आफुले उपलब्ध गराउने वस्तु तथा सेवाहरुको विवरण सहित आवेदनको साथ यस संघमा रु. १,०००/- (फिर्ता नहुने गरी) जम्मा गरिएको सक्कल भौचर र तपशिलमा उल्लिखित कागजात संलग्न गरी खामको बाहिर पट्टि आपूर्ति गर्न प्रस्ताव गरेको वस्तु एवं प्रदान गर्ने सेवाहरुको बारेमा प्रष्ट खुलाई खामबन्दी गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस संघको कार्यालय, ल.पु.म.न.पा.-५, लगनखेल, ललितपुरमा प्रस्ताव दर्ता गराउन आह्वान गरिन्छ ।

**वस्तु तथा सेवाको विवरण :-**

१. **स्टेशनरी तथा मसलन्द छपाई तथा आपूर्ति**
२. **इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरु खरिद तथा मर्मत सम्बन्धीः**
   कम्प्युटर, सर्भर, ल्यापटप, प्रिन्टर (कार्टेज, रिबन, टोनर रिफिलिङ्ग आदि), CCTV, टेलिफोन सेट, फोटोकपी, फ्याक्स, एयर कन्डिसन, स्टेवलाइजर, नोट काउन्टिङ्ग मेशिन, फेक नोट डिकेक्टर, Networking Equipment, Hardwrare, Software, IT support/Maintenance, UPS, Battery आदि आपूर्ति तथा सोमा लाग्ने पार्टपूर्जाहरु आपूर्ति तथा मर्मत सम्भार समेतका कार्यहरु
३. **फर्निचर तथा फिक्सचर्स खरिद तथा मर्मत सम्बन्धी**
   अफिस फर्निचर (मेटल तथा काठको) तथा फिक्सचर्स (फाइलिङ्ग क्याविनेट, भल्ट रुम सामान, फायर प्रुफ सेफ क्याविनेट, लकर आदि आपूर्ति तथा मर्मत सम्भार
४. **विमा सेवा**
   स्वास्थ्य तथा दुर्घटना विमा, स्थीर सम्पत्ति विमा, Cash in transit विमा, भल्ट विमा लगायतका आवश्यक अन्य विमा
५. **विज्ञापन तथा प्रचार प्रसार सेवा सम्बन्धी कार्य**
६. **सुरक्षा गार्ड आपूर्ति**
७. **धितो मूल्याङ्कनकर्ता**

**(सूचीकृत सम्बन्धी अन्य विस्तृत जानकारीहरु फाराममा उल्लेख गरिएको छ ।)**

**पुनश्चः प्राप्त दरखास्तहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार यस संघमा सूरक्षित रहनेछ ।**

**ललितपुर जिल्ला**
**जिल्ला वचत तथा ऋण सहकारी संघ लिमिटेड**
**ल.पु.म.न.पा.-५, लगनखेल, ललितपुर, फोन नं. : ०१-५४५३००१/५४५३००७**
Email: federation.lalitpur@gmail.com Web: lalitpurbachatsangh.org.np

---

**तेह्रथुम पावर कम्पनी लिमिटेड**
**Terhathum Power Company Limited**
रजिष्टर्ड कार्यालय : का.म.न.पा., वडा नं. ९ राममन्दिर मार्ग बत्तीसपुतली, काठमाण्डौं
फोन : ०१–४२५३३८७, इमेलः terhathumpc@gmail.com, वेभसाइटः www.terhathumpc.com

**को**

**मिति २०८२/०२/०५ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुको लागि १ कित्ता साधारण शेयर बराबर १ कित्ता शेयर (१:१) को अनुपातमा मिति २०८२ असार १६ गते देखि निष्काशन भैरहेको**

## हकप्रद शेयरको आवेदन दिने अन्तिम म्याद

## २०८२ साउन ०४ गते बैंकिङ्ग समयसम्म

अन्य विस्तृत जानकारीका लागि **मिति २०८२/०२/२९ गतेको "नेपाल समाचारपत्र" राष्ट्रिय दैनिकमा** प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं । साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइटः www.nabilinvest.com.np वा निष्काशन कम्पनीको वेवसाइटः www.terhathumpc.com मा हेर्नुहुन अनुरोध गर्दछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
**NABIL INVESTMENT BANKING LTD.**
**(A Subsidiary of Nabil Bank Ltd.)**
नारायणचौर, नक्साल, काठमाण्डौ । फोनः ४५११६०४/४५११७३३
Email: info@nabilinvest.com.np | URL: www.nabilinvest.com.np

---

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मितिः २०८२/०३/२०**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय पथरी, मोरङ्गबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरतारेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले माला गिफ्ट एण्ड कस्मेटिक पसलको हकमा मिति २०८१/०४/०९ गते कारोबार राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्ता गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति २०८१/१०/१८ गते नागरिक आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना, मिति २०८१/११/२० गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय पथरी, मोरङ्गमा दिउँसो १:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**कर्जा शिर्षक : आवधिक कर्जा**
**ऋणीको नाम : माला गिफ्ट एण्ड कस्मेटिक पसल**
रजिष्टर्ड ठेगाना : वडा नं.१०, सुन्दरहरैचा नगरपालिका, मोरङ, नेपाल
रजिष्ट्रेशन नं. : ०१-१०-०७-००२८ (नगरपालिका कार्यालय, सुन्दरहरैचा, मोरङ्ग )
पान नं. : ३०५५०६३८०

**फर्मको प्रोपाइटरको नाम र ठेगाना**
**नाम : खेम बहादुर विश्वकर्मा**
बुबा : धन बहादुर विश्वकर्मा
बाजे : बुद्धिमान विश्वकर्मा
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं.०६, मोरङ
हालको ठेगाना : सुन्दरहरैचा न.पा वडा नं.१०, मोरङ
ना.प्र.नं. : ४७९३-६९२
जारी मिति : २०५४/१०/३० (प्रतिलिपि मितिः २०७२/०८/१५)
जि.प्र.का. : रगेंली, मोरङ्ग

**जमानीकर्ताको नाम र ठेगाना**
**नाम : कौशिला विश्वकर्मा**
बाबु : टंक बहादुर विश्वकर्मा
पति : खेम बहादुर विश्वकर्मा
ससुरा : धन बहादुर विश्वकर्मा
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं.-०६, मोरङ
हाल : सुन्दरहरैचा न.पा वडा नं.१०, मोरङ
ना.प्र.नं : १६२८०/१४३८
जारी मिति : २०६०/०६/२९
जि.प्र.का. : मोरङ्ग

**धितो राखिएको सम्पत्तिको विवरणः**
**धितो सुरक्षण धनीको नामः खेम बहादुर विश्वकर्मा**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (बि.क.धु) | कैफियत |
|---|---|---|---|---|---|
| मोरङ | दर्वेशा | ६/६ ङ | २३० | ०-५-१३-३ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय वा शाखा कार्यालय पथरी, मोरङ्गमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८२/०३/२७ गते, शुक्रबार ।**
**समय :- दिउँसो १:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय पथरी, मोरङ्ग ।**

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank
THE BANKER BANK OF THE YEAR 2024 NEPAL

---

# JoshipurRural Municipality

## Office of the Rural Municipal Executive

**Joshipur,Kailali**
**Sudurpaschim Province; Nepal**

## Invitation for Bids

[Date of first publication: July 4,2025(2082/03/20 B.S.)]

1. Joshipur Rural Municipality, Office Of the Rural Municipal Executive,Joshipur Kailali invites electronic bids from eligible bidders for the procurements of goods as per table below under National Competitive Bidding procedures. Only eligible bidders should participate in this bidding.

| S.N. | Contract Identification Number | Description of work | Last Date of bid Submission | Bid Opening Date | Bid security (NRs) | Bid Validity Period | Bid document price (NRs) |
|---|---|---|---|---|---|---|---|
| 1 | 02/JRM/NCB/ GOODS/2081/082 | Procurement and Supply of Agricultural Equipments and Goods | before 12:00 noon on Aug.4,2025 (2082/04/19) | 13:00PM of Aug.4,2025 (2082/04/19) | 200000.00 | 90 days | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Rural Municipal Executive ,Joshipur Rural Municipality ,JoshipurKailali or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

---

# कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**कलैया, बारा, मधेश प्रदेश (नेपाल)**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८२-०३-२०)

यस कलैया उपमहानगरपालिकाको मिति २०८२।०२।१३ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशिक बोलपत्र (e–bidding) आह्वानको सूचना अनुसार रित पूर्वक पर्न आएका बोलपत्रहरु मध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम न्यूनतम मूल्यांकित सारभुत रूपमा प्रभावकारी तपसिलको बोलपत्र स्वीकृत गर्नको लागि मूल्यांकन समितिको मिति २०८२।०३।१८ गतेको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | बोलपत्र नं. | कामको विवरण | छनौट गरिएको बोलपत्रदाताको नाम | ठेगाना | कबोल रकम (VAT सहित) |
|---|---|---|---|---|---|
| 1 | KSMC/NCB/ WORKS-14-081/082 | Balmandir Dekhi Sideshwar Samm Bato ra Naala Nirman Karya WN 01 | Bharti Builders | Kalaiya, Bara | ४,२३,१६६५.२४ |

**प्रमुख प्रशासकीय अधिकृत**

# पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई इन्धन डिपो सञ्चालन

आर्थिक संवाददाता

काठमाडौँ, असार १९

नेपाल आयल निगमले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई इन्धन डिपो सञ्चालनमा ल्याएको छ । निगमले ७५ करोड लागतमा स्वदेशी प्रविधि प्रयोग गरी हवाई इन्धन डिपो सञ्चालनमा ल्याएको हो ।

निगमका अनुसार उक्त डिपोमा तीन वटा भण्डारण गृह, फायर फाइटिङ संरचना र अतिप्रज्वलनशील पदार्थको सुरक्षा व्यवस्थासहित आधुनिक प्रविधि प्रयोग गरिएको छ । विमानस्थलको उडान चापलाई मध्यनजर गर्दै डिपोले ३६ सय किलोलिटर हवाई इन्धन भण्डारण गर्न सक्षम रहेको जानकारी पनि निगमले दिएको छ । ५५ वर्षको इतिहासमा नेपालमा नै पहिलोपटक शतप्रतिशत स्वदेशी परामर्शदाता, स्वदेशी निर्माण व्यवसायी र आन्तरिक स्रोतबाट पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा आधुनिक सुविधासम्पन्न हवाई इन्धन डिपो निर्माण पूरा भएको निगमको भनाइ छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले पोखरामा आधुनिक र सुविधा सम्पन्न विमानस्थल निर्माण र सञ्चालनमा ल्याएसँगै यहाँ इन्धन डिपो स्थापना प्रक्रिया अगाडि बढेको थियो । यो विमानस्थलबाट उडान र अवतरण गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जहाजलाई आवश्यक हवाई इन्धन उपलब्ध गराउन विमानस्थल परिसरमा नौ हजार दुई सय १५ वर्गमिटर क्षेत्रफलको जग्गा नागरिक उड्डयन प्राधिकरणसँग लिज सम्झौता गरी संरचना उपयोग गर्दै आएको निगमको भनाइ छ । सोही जग्गामा अहिले अत्याधुनिक प्रविधि जडित हवाई इन्धन डिपो निर्माण सम्पन्न भएको निगमले जनाएको छ ।

२०७७ चैत २ गते यहाँ हवाई इन्धन डिपो निर्माणका लागि सार्वजनिक खरिद ऐनअनुसार बोलपत्र आह्वान भएको थियो । डेढ वर्षपछि २०७९ कात्तिक २९ मा बोलपत्र पेस गर्नेमध्ये सार्वजनिक खरिद ऐन प्रावधानअनुसार तोकिएको योग्यता र न्यूनतम रकम कबोल गर्ने निर्माण व्यवसायीसँग निर्माण कार्य अघि बढाउन सम्झौता भएको थियो । लगत्तै, २०७९ पुस १५ मा नागरिक उड्डयन प्राधिकरणसँग जग्गा भाडामा लिने विषयमा सम्झौता भएको थियो । यस्तै, २०८० साउन १ मा निर्माण कार्य शिलान्यास भएको थियो । शिलान्यास लगत्तै निर्माण कार्यलाई निरन्तररूपमा तीव्रता दिई हाल सम्पन्न गरिएको निगमले जनाएको छ ।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडान चाप मध्यनजर गर्दै यहाँ एक हजार दुई सय किलोलिटर क्षमताको तीन वटा ठूला भण्डारण गृह (कुल तीन हजार छ सय किलोलिटर हवाई इन्धन भण्डारण गर्न मिल्ने स्टोरेज ट्याङ्क) निर्माण गरिएको छ । भर्टिकल स्टोरेज ट्याङ्कको उचाइ १२ मिटर र व्यास पनि १२ मिटर छ । यसैगरी डिपो सुरक्षामा उच्च सतर्कता अपनाउन एक हजार दुई सय किलोलिटर क्षमताको अलग्गै पानी ट्याङ्की निर्माण सम्पन्न भएको छ ।

# छाया सेन्टरसम्बन्धी मुद्दाको सुनुवाइ बिहीबार हुन सकेन

काठमाडौँ, असार १९ । काठमाडौंको ठमेलस्थित कमलपोखरी मासेर छाया सेन्टर निर्माण भएको विवादसम्बन्धी मुद्दाको पेशी असार १९ गतेका लागि तोकिएकोमा हेर्न नमिल्नेमा राखिएको छ । सर्वोच्च अदालतका तीन जना न्यायाधीश सम्मिलित पूर्ण इजलासले कमलपोखरीको ऐतिहासिक जग्गा अतिक्रमण गरी व्यक्तिका नाममा गएको विषयमा यसअघि संयुक्त इजलासले उठाएको पाँचवटा कानुनी प्रश्नको जटिलताको विषयमा सुनुवाइ गर्ने तालिका थियो । तर न्यायाधीश डा. मनोजकुमार शर्मा, डा. कुमार चुडाल र बालकृष्ण ढकालको पूर्ण इजलासले हेर्न नमिल्नेमा राखेपछि बिहीबार पनि सुनुवाइ हुन नसकेको हो ।

बैंकर पृथ्वीबहादुर पाण्डेले ठमेल भगवान् बहाल अगाडि रहेको कमलपोखरी मासेर आफ्नी आमा छायादेवी पाण्डेका नाममा व्यापारिक कम्प्लेक्स बनाएको भन्दै सो भत्काउनुपर्ने माग गर्दै २०७१ सालमा अधिवक्ता दीपकविक्रम मिश्र, रामहरि श्रेष्ठलगायतले १५ थान मुद्दा सर्वोच्चमा दर्ता गरेका थिए । १० वर्षदेखि सर्वोच्चमा विचाराधीन रहेको मुद्दामा न्यायाधीशद्वय सारंगा सुवेदी र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले पूर्ण इजलासमा पठाउने आदेश दिएको थियो । इजलासले मुद्दा पूर्ण इजलासमा पठाउनुमा पाँचवटा जटिल कानुनी प्रश्न उठाएको थियो ।



पहिलो प्रश्नः वादी दाबीको जग्गा १६ कात्तिक २०३३ मा सर्भे नापी भई खडा भएको फिल्डबुकमा साबिक काठमाडौं महानगरपालिका-२९ स्थित कित्ता नम्बर १६७ को क्षेत्रफल १२.१३.२.२ र कित्ता नम्बर १०४० को क्षेत्रफल नौ आना दुई पैसा तीन दामको फिल्डबुकमा जोताह महल खाली र जग्गाधनीको महलमा क्रमशः पोखरी र चोक जनिएको र ४ कात्तिक २०३३ मा जारी भएको गुठी संस्थान ऐन, २०३३ को दफा २७ को प्रतिबन्धात्मक वाक्यांश (ख)ले यस प्रकृतिको गुठी जग्गामा कसैले मोहियानी हक नपाउने स्पष्ट व्यवस्था रहेको परिप्रेक्ष्यमा विवादित कित्ता नं १६७ र १०४० को पोखरी र पोखरीको डिल जनिएको जग्गामा प्रतिवादीका पति-पिता केयुरशमशेर जबराले मोही हक कमाइ खान पाउने हक सिर्जना हुनेगरी ३ पुस २०३३ मा यसै अदालतसमक्ष मिलापत्र भएको देखिन आएकामा सो मिलापत्रको हक सिर्जना हुने वा नहुने ? मिलापत्रको कानुनी हैसियत के हुने ? भन्ने विषयमा पूर्ण इजलासमा सुनुवाइ हुनेछ ।

दोस्रो प्रश्नः सर्वोच्चले सार्वजनिक गुठीको जग्गा व्यक्तिको विशेषको नाममा दर्ता नहुने गुठी संस्थानको ऐन, २०३३ को दफा २५(४) र मालपोत ऐन, २०३४ को दफा २४(२) मा कानुनी व्यवस्था रहेको सन्दर्भमा सो जग्गा मोही केयुरशमशेरको नाम कायम गरेको र २० माघ २०४४ मा अम्बिका राणाको नाममा नामसारी दर्ता भएको र १८ माघ २०४७ मा अम्बिकाकै नाममा रैतानी परिणत गरेको काम कानुनसम्मतरूपमा गर्न मिल्ने कि नमिल्ने भन्ने गम्भीर प्रश्न खडा भएको छ । सो विषयमा पनि पूर्ण इजलासमा सुनुवाइ हुनुपर्नेछ ।

तेस्रो प्रश्नः गुठी संस्थान ऐन, २०३३ को दफा १८ ले गुठी संस्थानले नेपाल सरकारको स्वीकृति नलिई गुठी जग्गाको स्वामित्व छाड्न नमिल्ने कानुनी व्यवस्था रहेकामा कानुनी व्यक्तिकारूपमा रहेको गुठी संस्थानको प्रतिनिधिका रूपमा सञ्चालक समिति रहेको अवस्थामा सञ्चालक समितिले विवादित कित्ता नम्बर १६७ र १०४० को जग्गामा मोही कायम गर्ने वा रैतानी गर्ने निर्णय नगरेको अवस्थामा गुठी संस्थानका तर्फबाट अध्यक्ष बद्रीविक्रम थापाले ३ पुस २०३३ को मिलापत्र रोहवरमा बसी केयुरशमशेरले मोही भई कमाइ खान पाउने मञ्जुरी दिएको कार्य र गुठी संस्थानअन्तर्गतको गुठी लगत तथा तहसिल कार्यालय भद्रकालीबाट केयुरशमशेरलाई दर्तावाल मोही कायम गर्न २१ जेठ २०३९ को निर्णय र २० माघ २०४४ मा प्रतिवादी अम्बिकाका नाममा नामसारी दर्ता गर्ने निर्णय र १८ माघ २०४७ मा राणाकै नाममा रैतानी गर्ने निर्णयसमेत गुठी संस्थानबाटै भएको भनी मान्नका लागि 'डक्ट्रिन अफ एजेन्सी अल्ट्राभाइस'को सिद्धान्तले मिल्ने हो या होइन ? भनी सर्वोच्चको संयुक्त इजलासले प्रश्न उठाएको थियो ।

चौथो प्रश्नः विवादित कित्ता नम्बर १६७ र १०४० नम्बरको सो जग्गा अम्बिका राणाको नाममा रैतानी गरेको निर्णयलाई गुठी संस्थान केन्द्रीय कार्यालयले १२ चैत २०४७ मा गुठी संस्थान ऐन, २०३३ दफा २५(४) बमोजिम निर्णय बदर गर्ने निर्णय भएको थियो । सो बदर गर्ने निर्णयविरूद्ध अम्बिका राणा काठमाडौं जिल्ला अदालत गएकी थिइन् । जिल्ला अदालत काठमाडौंले ३ माघ २०५२ मा गुठी संस्थानको निर्णय बदर गरिदिएको थियो ।

सो फैसलालाई तत्कालीन पुनरावेदन अदालत पाटनले २५ जेठ २०५३ मा सदर गरिदिएको थियो । सदर भएपछि पुनः गुठियारहरूका तर्फबाट रैकर परिणतको निर्णय बदर गरी श्री सिंह सार्थवाहु भगवानको गुठी कायम गरिपाऊ भनी काठमाडौं जिल्ला अदालतमा फिराद परी १६ असार २०६२ मा मिलापत्र हुँदा प्रतिवादी अम्बिका राणाले गुठी सञ्चालनका लागि एक करोड ५० लाख गुठीका हकदारहरूलाई दिई वादी दाबी छाड्ने सर्तमा मिलापत्र भएको देखिन्छ ।

यीलगायतका विभिन्न मुद्दामा पनि मिलापत्र र तदुपरान्त भएका यावत् कामकारबाहीलाई चुनौती दिएको स्थितिमा २०२४ सालमै गुठी संस्थानलाई सुम्पेको निजी गुठीको विवादित जग्गामा गुठी संस्थान ऐन, २०३३ को दफा १९ र २० बमोजिम साबिक गुठियारको के-कति हक हुने ? गुठीको हकहित र गुठीको स्वामित्वमा प्रतिकूल असर पर्नेगरी यी गुठियार तथा मोहीबीच पारस्परिक मुद्दा गर्ने र मिलापत्र गर्नेको कानुनी मान्यता के हुने ?

पाँचौ प्रश्नः अर्को कारणमा गुठी संस्थान ऐन, २०२१ को दफा २१ बमोजिम २५ जेठ २०२४ मा गुठी संस्थान सञ्चालन सभाको निर्णयबमोजिम २०२५ सालमा सो गुठीलाई गुठी संस्थानले राजगुठीमा लिई गुठीको सम्पत्तिको स्वामित्व गुठी संस्थानमा रहने व्यवस्था भइसकेपछि साबिक गुठियारहरूको हक सो गुठीको सम्पत्तिमाथि रहन्छ या रहँदैन ?

त्यस्तै, गुठी प्रकृतिको जग्गा व्यक्तिका नाममा रैतानी भई कित्ताकाट भई तहतह हस्तान्तरण भएको र पटकपटक मुद्दा पर्ने र गुठियार तथा मोहीबीच मिलापत्र हुने सिलसिलाबाट हाल तेस्रो पक्षका नाममा हक हस्तान्तरण भई भवन निर्माणसमेत भइसकेका कारण सम्पत्तिको साबिक प्रकृति र स्वरूप परिवर्तन भइसकेको हालको स्थितिमा ती सबै कामकारबाही बदर भई विवादित पोखरी र पोखरीको डिल तथा चोकलाई साबिक राजगुठी नै प्रकृति र स्वरूपमा हाल कायम गर्न मिल्ने या नमिल्ने के हो ? भनी अदालतले प्रश्न उठाएको छ । सो प्रश्नको निरूपणका लागि सर्वोच्चको संयुक्त इजलासले पूर्ण इजलासमा पठाउने आदेश गरेको थियो ।

# नाडा अटो सोको लागि स्टल बाँडफाँट

आर्थिक संवाददाता

काठमाडौँ, असार १९

नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले 'नाडा अटो सो २०२५'को लागि स्टल बाँडफाँट गरेको छ । नाडाले आगामी भदौ ३ देखि ८ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा १७ औँ संस्करणको 'नाडा अटो सो गर्न लागेको छ । उक्त सोमा सहभागी हुने विभिन्न कम्पनीको लागि नाडाले बिहीबार एक कार्यक्रमको आयोजना गरी ७५ वटा स्टल बाँडफाँट गरेको हो । नाडाका अनुसार १८ वटा चारपाङ्ग्रे, चार वटा दुईपाङ्ग्रे र १३ वटा लाइट कमर्सियल सवारी ब्रान्डको स्टल रहने छ । त्यस्तै, अटो सोमा लुब्रिकेन्ट, टायर, स्पेयर पार्टसलगायतको लागि ४० वटा स्टल रहने छन् । अटो सोमा चारपाङ्ग्रे ब्रान्डहरु दीपल, अवतार, डोङफेङ, नामी, सेरेस, टाटा, सुजुकी, टेस्ला, एवोन, एक्सपेङ, रिडारा, स्काइवेल, बीवाइडी, फोटोन, बीएडब्लू, जेवाइ एयर, एलएस अटो, ब्लभल, जिनपेङलगायत ब्रान्डले प्रदर्शनी गर्ने छन् । यस्तै, दुईपाङ्ग्रे सवारी ब्रान्डमा हिरो, रोयल इनफिल्ड, जोनसन र यामाहा सहभागी हुनेछन् ।

त्यस्तै, लाइट कमर्सियल भेहिकलमा न्यू गोन्वो, डीएफएसके, डोङफेङ, कामा, फोटोन, सोकोन, सीजी केवासिरकिङलङ, मोन्त्रा, स्काइवर्थ, कावेइरनाभेको, सनलङ ब्रान्डको सहभागी हुने नाडाले जनाएको छ । अटो सोमा मुख्य आकर्षणको रूपमा मेड इन नेपाल पभिलियन, विन्टेज कार पभिलियन, अटो डायलग, इटेरी, क्याफेलगायत रहनेछन् । नाडाले विसं २०५५ सालमा नाडा अटो सो सुरु गरेको थियो । हालसम्म आइपुग्दा यो सो नेपाली अटो उद्योगको प्रमुख प्रदर्शनी बनेको र यसले प्रविधि, नवप्रवर्द्धन एवं गतिशीलतामा महत्वपूर्ण योगदान दिँदै आएको नाडाले जनाएको छ ।


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

हर्क बहादुर कार्कीको नाति, खडग बहादुर कार्कीको छोरा मिना कुमारी भन्ने हरिमाया बराल कार्कीको श्रीमान कोशी प्रदेश झापा जिल्ला दमक न. पा. वडा नं. ०५ बस्ने अडीमर्दन कार्की ले यस बैंकको विर्तामोड शाखामा बचत खाता नं १८२१५२४००४२१९३ र बुढानिलकण्ठ शाखामा बचत खाता नं ४५०१५२४१४००३१० र लकर नं ०३९ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०१/२१ मा निज **अडीमर्दन कार्की**को निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको पत्नी नाता पर्ने मिना कुमारी भन्ने हरिमाया बराल कार्कीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा** १११ बमोजिम निज मृतक खातावाला अडीमर्दन काकी को नाममा यस बैंकको शाखाहरुमा रहेको निक्षेप मौज्दातको भुक्तानी र लकरमा रहेको सामान दावीकर्तालाई दिनु नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदावी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दावी गर्न यस बैंकको विर्तामोड शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र लकरमा रहेको सामान हस्तान्तरण हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
मुक्तिचोक, विर्तामोड, झापा
फोन नम्बर : ०२३-५३०९१०
ईमेल : birtamod@nsbl.com.np

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला, कपिलेश्वर गा.वि.स. वडा नं. ६ घर भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६ बस्ने श्री सुन्दर लाल कर्णको नाती, श्री विन्देश्वर लाल कर्णको छोरा वर्ष ५८ को श्री **शिव कुमार कर्ण**को मिति २०८१/०८/०३ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. ४२९१५२४१४००११८ मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकको पत्नी **श्रीमती किरण कुमारी कर्ण**ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए **बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा** १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले **३५ दिन भित्र** आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
हरिवन शाखा, सर्लाही
फोन नम्बर : ०४६-५३००५७/५३०११८
ईमेल : hariwan@nsbl.com.np

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

बकल सिहं राई को नाति तिलक शेर राईको छोरा स्थायी ठेगाना कोशी प्रदेश खोटाङ जिल्ला हलेसीतुवाचुङ ना.पा वडा नं १० भई हाल कोशी प्रदेश खोटाङ जिल्ला हलेसीतुवाचुङ ना.पा वडा नं १०, बस्नेले यस शाखा मिर्चैयामा खाता नं. २५११५२४९९००३०६ संचालन गर्दै आउनु भएकोमा मिति २०७६/०९/०३ मा निज खातावाला **खड्ग बहादुर राईको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने **गैरी राईले** मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा** १११ बमोजिम निज मृतक **खड्ग बहादुर राईको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको मिर्चैया शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
मिर्चैया शाखा
फोन नम्बर ०३३-५५०६१४
ईमेल : mirchaiya@nsbl.com.np

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

बशन्त राई को नाति आइत प्रशाद राईको छोरा स्थायी ठेगाना कोशी प्रदेश ओखलढुङ्गा जिल्ला मोलुङ गा.पा वडा नं ०८ भई हाल कोशी प्रदेश ओखलढुङ्गा जिल्ला मोलुङ गा.पा वडा नं ०८ , बस्नेले यस शाखा मिर्चैयामा खाता नं. २५११५२४९९००४७ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०९/१२ मा निज खातावाला **राज कुमार राईको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने **मन कुमारी राईले** मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा** १११ बमोजिम निज मृतक **राज कुमार राईको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको मिर्चैया शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
मिर्चैया शाखा
फोन नम्बर ०३३-५५०६१४
ईमेल : mirchaiya@nsbl.com.np

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

लाल बहादुर थापा को नाति अम्वर बहादुर थापाको छोरा स्थायी ठेगाना कोशी प्रदेश उदयपुर जिल्ला कटारी ना.पा वडा नं ०२ भई हाल कोशी प्रदेश उदयपुर जिल्ला कटारी ना.पा वडा नं ०२, बस्नेले यस शाखा मिर्चैयामा खाता नं. २५११५२४०३०००६ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०८/१४ मा निज खातावाला **राम बहादुर थापाको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरी नाता पर्ने **कमला मगरले** मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा** १११ बमोजिम निज मृतक **राम बहादुर थापाको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको मिर्चैया शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
मिर्चैया शाखा
फोन नम्बर ०३३-५५०६१४
ईमेल : mirchaiya@nsbl.com.np

## बालश्रम अन्त्य गरौं

**बालश्रमका कारणः**

- शिक्षाबाट बञ्चित हुने,
- मानसिक र शारीरिक स्वास्थ्यमा असर पर्ने,
- भविष्य अन्धकार हुने,
- बालअधिकारको उल्लङ्घन हुन्छ,

त्यसैलेः

- बालश्रमको विरोध गरौं,
- शिक्षाको पहुँच सबैमा सुनिश्चित गरौं,
- गरिबी निवारणमा सहयोग गरौं,
- बालश्रम गराउनेलाई कानुनी कारबाही गर्न सहयोग गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

## मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

### शिलबन्दी दरभाउ आवहानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०८२/०३/१९

मेचीनगर नगरपालिकाको कार्यालयबाट तपसिल बमोजिमको लागि प्रथम पटक मिति २०८२/०३/१९ गते **https://www.bolpatra.gov.np/egp** मा ई-बिड मार्फत सूचना आवहान भएको हुदा आवश्यक कागजपत्रहरु संलग्न राखी रु १००० (एक हजार मात्र) पछि फिर्ता नहुने गरि श्री नेपाल बैंक लिमिटेड काकरभिट्टा शाखामा रहेको यस कार्यालयको नाममा रहेको अन्तरिक राजस्व खाता न १०६०३००००१००१००००१ मा नगद जम्मा गरि ई-बिड को माध्यमबाट मात्र शिलबन्दी दरभाउ पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ थप सूचना **https://www.bolpatra.gov.np/egp** बाट हेर्न सकिनेछ।

तपसिल :

| क्र. स. | शिलबन्दी दरभाउपत्र प्रकाशित मिति | शिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति | ठेक्का न | योजनाको नाम | लागत अनुमान (मु.अ.कर कन्टिनजेंसी र PS समेत ) | खरिद को किसिम | बिड सेक्युरिटि रु |
|---|---|---|---|---|---|---|---|
| १. | २०८२/०३/१९ | २०८२/०४/०२ | 80/ChabilMarga-MechiMarga /SQ/Mechi/2081/082 | Chabilalmargabata Mechi marga jone bato sttarunnati , Mechinagar-13 | १५,१६,०३४.२० | Works SQ | ४०,०००.०० |

अरिन प्रसाद अधिकरी
प्रमुख प्रशासकिय अधिकृत


आर्थिक दैनिक प्रा.लि.द्वारा प्रकाशित । अध्यक्ष : प्रह्लाद रिजाल । एक्सप्रेस कलर प्रेस कं.बाट मुद्रित । कार्यालय : कुपण्डोल, ललितपुर । फोन : ०१-५९०२१३६, फ्याक्स : ०१-५९०२१३९ e-mail : aarthik .dainik@gmail .com । सम्पादक : रामप्रसाद पुडासैनी